विधेयक संख्याः

# वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८२
सङ्घीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं।

# <u>उद्देश्य र कारण</u>

मुलुकको समग्र आर्थिक समुन्नति र विकासका लागि आवश्यक स्रोत व्यवस्था गरी उच्च प्रतिफलयुक्त दिगो पूर्वाधार लगायतका क्षेत्रको विकास गर्नुपर्ने भएकोले परियोजनाको पहिचान, प्राथमिकीकरण, लगानीका लागि आवश्यक पर्ने आन्तरिक स्रोत, स्वदेशी तथा वैदेशिक लगानी लगायतका वित्तीय उपकरणहरूको यथोचित प्रयोग, संस्थागत संरचना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी बिषयहरूलाई समेट्ने गरी वैकल्पिक विकास वित्त सम्बन्धी कानून आवश्यक रहेको छ। विकासका नवीन स्रोतहरूको परिचालन गर्न तथा यसको माध्यमबाट रोजगारी प्रवर्द्धन, दिगो आर्थिक विकास र दीर्घकालीन लगानी सुनिश्चित गर्न, निजी क्षेत्रलाई सार्वजनिक पूर्वाधार विकासमा आकर्षित गर्न र वर्तमान वित्तीय स्रोतको कमी पूर्ति गर्दै राष्ट्रिय प्राथमिकताका परियोजनाहरूमा स्रोत जुटाई मुलुकको समग्र आर्थिक विकासका लागि स्रोतको प्रवन्ध गर्न ऋणपत्र, स्वपूँजी कोष र अन्य वित्तीय उपकरणमार्फत वैकल्पिक विकास वित्त परिचालन गर्नको लागि आवश्यक भएको हुँदा प्रस्तुत विधेयकलाई सरकारी विधेयकको रुपमा सङ्घीय संसदमा पेश गरिएको छ।

(विष्णुप्रसाद पौडेल)
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

# सैद्धान्तिक अवधारणा

बिश्वब्यापी रुपमा भइरहेको पूर्वाधार विकासमा तीव्र प्रतिस्पर्धा, जलवायु परिवर्तन, सूचना प्रबिधिको बढ्दो पहुँच एवम् नागरिकको अपेक्षा अनुसार पूर्वाधारमा लगानीको आवश्यकता वृद्धि भइरहेको छ। नेपालमा लगानीको आवश्यकता र सम्भावना सम्बन्धमा भएका विभिन्न अध्ययनले आगामी दशकमा रु. १०० खर्बभन्दा बढी लगानी आवश्यक पर्ने देखिएको छ। विगतको तथ्याङ्कबाट नेपालमा पूर्वाधारमा बार्षिक रू. २ देखि ३ खर्ब मात्र लगानी भइरहेकोले लगानीको आवश्यकता र उपलब्धताका बीच रहेको कमी परिपूर्ति गर्नको लागि लगानीका नवीन स्रोत र उपायहरुको आवश्यकता रहेको छ। सरकारले सोह्रौं योजनामा लिएको दीर्घकालिन राष्ट्रिय लक्ष्यमा ४० हजार मेगावाट विद्युत उत्पादनको लक्ष्य राखेको छ। यस लक्ष्यअनुसार विद्युत उत्पादन, प्रसारण तथा वितरण प्रणालीको स्तरोन्नति, विस्तार र पहुँच पुर्याउन करिब ठूलो मात्रामा रकमको आवश्यक पर्ने देखिन्छ । साथै, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, स्मार्ट सिटी, नगर विकास, पर्यटन विकासका योजना, सडक, सिँचाइ, खानेपानी, विमानस्थल निर्माण लगायतका क्षेत्रमा पनि ठूलो लगानीको आवश्यकता छ।

समष्टिगत रुपमा दिगो पूर्वाधार विकासमा कार्य गर्नुपर्ने यथार्थतालाई मध्यनजर गरी पूर्वाधारका क्षेत्र तथा परियोजनाको पहिचान, प्राथमिकीकरण, पूर्वाधारमा लगानीका लागि आवश्यक पर्ने आन्तरिक स्रोत, बैदेशिक लगानी तथा बिभिन्न वित्तीय उपकरणहरुको यथोचित प्रयोग, संस्थागत संरचना, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सम्पूर्ण बिषयहरुलाई समेट्ने गरी वैकल्पिक विकास वित्तका स्रोतहरूको परिचालन गर्न तथा यसको माध्यमबाट रोजगारी प्रवर्द्धन, दिगो आर्थिक विकास र पूर्वाधार परियोजनामा दीर्घकालीन लगानी सुनिश्चित गर्न र वर्तमान वित्तीय स्रोतको अभाव पूर्ति गर्दै राष्ट्रिय प्राथमिकताका परियोजनाहरूमा स्रोत जुटाउन आवश्यकता रहेको र यसलाई आवश्यक

कानूनी आधार दिनका लागि वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुत विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न मिति २०८१/१२/२५ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

# आर्थिक टिप्पणी

वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी कोष एक स्वायत्त संस्थाको रुपमा स्थापना हुने र सो कोषको अधिकृत पुँजी एक खर्ब रुपैया र चुक्ता पुँजी २५अर्ब रुपैया हुने प्रस्ताव गरिएको छ। त्यसमा नेपाल सरकारको ५१ प्रतिशत शेयर लगानी गर्ने प्रस्ताव गरिएकोले हाल चुक्ता पुँजी २५ अर्ब रुपैयाको ५१ प्रतिशतले हुने रकम रु. १२.७५ अर्ब रुपैया नेपाल सरकारले रकम लगानी गर्नुपर्ने हुन्छ। यसको प्रभावकारी प्रयोग भई संस्था सबल एवंम् सक्षम भएपछि र निजहरुको लगानी बृद्धि हुँदै गएपछि नेपाल सरकारको शेयर अनुपात क्रमशः घटाउँदै जाने नीति लिनु उपयुक्त हुन्छ।

# वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>**प्रस्तावनाः**</u> मुलुकको समग्र आर्थिक समुन्नति र विकासका लागि आवश्यक स्रोतको प्रबन्ध गर्न ऋणपत्र, स्वपुँजी कोष र अन्य वित्तीय वा मौद्रिक उपकरण मार्फत् वैकल्पिक विकास वित्त परिचालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिन देखि प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले दफा ४ को उपदफा (२) बमोजिमको आयोजना सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ६ बमोजिम स्थापित वैकल्पिक विकास वित्त कोष सम्झनु पर्छ।

(घ) "ऋण" भन्नाले यस ऐन बमोजिम आयोजनामा लगानी प्रवाह हुने ऋण सम्झनु पर्छ र सो शब्दले आयोजना विकासको लागि कोषले प्रदान गरेको जमानतलाई समेत जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा १९ बमोजिम नियुक्त कोषको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(छ) "बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको वाणिज्य बैङ्क वा विकास बैङ्क सम्झनु पर्छ र सो शब्दले विदेशी बैङ्कको नेपालस्थित शाखा कार्यालय वा नेपालमा स्थापित बैङ्कले नेपालबाहिर खोलेको शाखा कार्यालयलाई समेत जनाउँछ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(झ) "मिश्रित वित्तीय उपकरण" भन्नाले स्वपुँजी (इक्विटी) र ऋण दुवैको स्वरूप सम्मिलित वित्तीय उपकरण सम्झनु पर्छ।

(ञ) "लगानी" भन्नाले दफा २२ बमोजिम आयोजनामा हुने लगानी सम्झनु पर्छ।

(ट) "वित्तीय संस्था" भन्नाले सर्वसाधारणबाट निक्षेप सङ्कलन गर्ने वा कर्जा दिने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्छ।

(ठ) "वैकल्पिक विकास वित्त" भन्नाले दफा ३ बमोजिम परिचालन गरिने वित्तीय स्रोत सम्झनु पर्छ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(ढ) "समिति" भन्नाले दफा १० बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## वैकल्पिक विकास वित्त परिचालन र प्रयोग

३. **वैकल्पिक विकास वित्त परिचालन गरिनेः** यस ऐन बमोजिम उच्च आर्थिक प्रतिफल दिने, रोजगारीको थप अवसर सिर्जना गर्ने वा मुलुकको आर्थिक विकास गर्न सहयोग पुऱ्याउने आयोजनाको पहिचान, अध्ययन, विकास वा सोको कार्यान्वयनको लागि देहायका माध्यमबाट वैकल्पिक विकास वित्तको परिचालन गरिनेछः-

(क) कुनै आयोजना विशेषको लागि वित्तीय उपकरण वा ऋणपत्र जारी गरी वा स्वपुँजी (इक्विटी) वा ऋण वा मिश्रित वित्तीय उपकरणको माध्यमबाट लगानीकर्ता वा सर्वसाधारणबाट रकम उठाएर,

(ख) नेपाल सरकार वा कुनै अन्तर्राष्ट्रिय वित्तीय संस्था वा कुनै खास आयोजना कार्यान्वयन गर्ने संस्था वा निकायको जमानत लिई वा कोषको स्वःजमानतमा त्यस्तो आयोजनाको लागि आयोजना विशेष ऋण उठाएर,

(ग) नेपाल सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत प्राप्त गरी सर्वसाधारण वा वित्तीय संस्थाबाट ऋण वा ऋणपत्र वा दुवै प्राप्त गर्न जमानत कोष स्थापना गरेर,

(घ) स्वदेशी वा विदेशी लगानीकर्ताबाट पुँजी सङ्कलन गरी लगानी कोष स्थापना गरेर,

(ङ) वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीको लगानीमा विप्रेषण कोष (रेमिट फन्ड) स्थापना गरेर,

(च) कुनै निकाय वा आयोजनाको सम्पत्ति मौद्रिकीकरण गरेर,

(छ) पूर्वाधार आयोजनामा लगानी गर्न स्थापना भएका विभिन्न कोषमा लगानी गर्न एकीकृत कोष (फन्ड अफ फन्ड) स्थापना गरेर,

(ज) तोकिए बमोजिमका अन्य वित्तीय उपकरण प्रयोग गरी कोष स्थापना वा वित्तीय उपकरण जारी गरेर।

४. **वैकल्पिक विकास वित्त प्रयोगको क्षेत्र र आयोजनाः** (१) देहायको क्षेत्रसँग सम्बन्धित आयोजनामा वैकल्पिक विकास वित्त लगानी गरिनेछः-

(क) ऊर्जा विकास वा विद्युत उत्पादन,

(ख) विद्युत प्रसारण वा वितरण,

(ग) सडक निर्माण वा विस्तार,

(घ) रेल मार्ग निर्माण वा विस्तार,

(ङ) विमानस्थल निर्माण वा सुधार,

(च) सुरुङ्ग मार्ग निर्माण वा विस्तार,

(छ) विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह जस्ता पूर्वाधार निर्माण,

(ज) सूचना प्रविधि पार्क, विशेष पर्यटन पूर्वाधार, विशेष खेलकुद पूर्वाधार जस्ता संरचना निर्माण,

(झ) शहरी पूर्वाधार निर्माण,

(ञ) सार्वजनिक डिजिटल पूर्वाधारको स्थापना र सञ्चालन,

(ट) केबुलकार, रज्जु मार्ग वा पोडवे निर्माण र सञ्चालन,

(ठ) उच्च आर्थिक प्रतिफल दिन सक्ने भनी समितिबाट निर्णय भएका अन्य सम्भाव्य आयोजना।

(२) उपदफा (१) बमोजिमको क्षेत्रभित्र पर्ने देहायको कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा त्यस्तो आयोजनाको महत्त्व, सम्भाव्यता र उच्च आर्थिक प्रतिफल प्राप्त हुने समेतका आधारमा वैकल्पिक विकास वित्त लगानी गर्न सकिनेछः-

(क) राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएको आयोजना,

(ख) नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्न प्रस्ताव गरेको आयोजना,

(ग) सार्वजनिक-निजी साझेदारी अन्तर्गत लगानी बोर्ड नेपालले कोष मार्फत् कार्यान्वयन गर्न सिफारिस गरेको आयोजना वा परियोजना,

(घ) कोष आफैंले अध्ययन गरी लगानी गर्न उचित ठहऱ्याएको आयोजना।

**५. वैकल्पिक विकास वित्त लगानी नगरिने आयोजनाः** दफा ४ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै आयोजनामा वैकल्पिक विकास वित्त लगानी गरिने छैनः-

(क) दफा ४ को उपदफा (२) मा उल्लिखित आयोजना बाहेकको अन्य आयोजना,

(ख) एक अर्ब रुपैयाँभन्दा कम लागत अनुमान भएको आयोजना,

(ग) वित्तीय प्रतिफल न्यून रहने अनुमान भएको आयोजना,

(घ) कोषले प्रदान गर्ने ऋण वा जमानतको धितो राख्न नसक्ने आयोजना,

(ङ) कोषले जारी गरेको ऋणपत्र वा डिबेन्चर धितो वा जमानत राखी ऋण माग गर्ने आयोजना,

(च) कुनै प्राकृतिक व्यक्तिले कार्यान्वयन गर्ने आयोजना,

(छ) कोषको बहालवाला सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत बहाल हुनुभन्दा कम्तीमा तीन वर्ष अघि आधारभूत शेयरधनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने वा त्यस्तो फर्म, कम्पनी वा संस्थासँगको साझेदारीमा कार्यान्वयन गर्ने गरी प्रस्ताव भएको आयोजना।

तर सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत नियुक्त हुनुअगावै परिचालन भइसकेको लगानीलाई यस खण्डले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-३

## वैकल्पिक विकास वित्त कोषको स्थापना र सञ्चालन

६. **वैकल्पिक विकास वित्त कोषको स्थापनाः** (१) आयोजनामा लगानी गर्न एक वैकल्पिक विकास वित्त कोष स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कोषको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकता अनुसार नेपालभित्र वा नेपालबाहिर शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न सक्नेछ।

७. **कोष स्वशासित सङ्गठित संस्था हुनेः** (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) कोषले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ र कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

८. **कोषको पुँजीगत संरचनाः** (१) कोषको अधिकृत पुँजी एक खर्ब रुपैयाँको हुनेछ र सो रकम एक सय रुपैयाँका दरले एक अर्ब कित्ता साधारण शेयरमा विभाजन गरिनेछ।

(२) कोषको चुक्ता पुँजी पच्चीस अर्ब रुपैयाँको हुनेछ र सो रकम एक सय रुपैयाँका दरले पच्चीस करोड कित्ता साधारण शेयरमा विभाजन गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शेयर सङ्ख्यालाई सतप्रतिशत मानी नेपाल सरकार र देहायको संस्था वा त्यस्तो संस्थाको समूहलाई देहाय बमोजिम शेयर वितरण गरिनेछः-

(क) नेपाल सरकार -

(ख) देहायका अवकाश कोष वा कोष व्यवस्थापक संस्था -

(अ) कर्मचारी सञ्चय कोष,

(आ) नागरिक लगानी कोष, र

(इ) सामाजिक सुरक्षा कोष

(ग) जीवन बीमा, निर्जीवन र पुनर्बीमा कम्पनी -

(४) उपदफा (३) बमोजिम नेपाल सरकार र शेयर खरिद गर्ने अन्य संस्थाले आफूले लिन मञ्जुर गरेको शेयर बापतको रकम बढीमा दुई किस्तामा दुई आर्थिक वर्षभित्र चुक्ता गरिसक्नु पर्नेछ।

(५) उपदफा (३) को खण्ड (ख) र (ग) बमोजिमका शेयरधनीको शेयर सङ्ख्या त्यस्ता समूहका शेयरधनीको सहमतिमा निर्धारण हुनेछ र त्यसरी निर्धारण हुन नसकेमा समान रूपमा निर्धारण गर्नु पर्नेछ।

(६) उपदफा (३) को खण्ड (ख) र (ग) बमोजिम छुट्याएको शेयर पूरै वा आंशिक रूपमा कसैले खरिद नगरी बाँकी रहेमा त्यस्तो शेयर नेपाल सरकारको निर्णय बमोजिम बिक्री गरिनेछ।

(७) उपदफा (३) को खण्ड (ख) र (ग) बमोजिमको कुनै शेयरधनीले शेयर बिक्री गर्न चाहेमा सोही संरचनाभित्र बाँकी रहेको समूहले खरिद गर्न सक्नेछ र त्यस्तो समूहले खरिद गर्न नचाहेमा नेपाल सरकारले निर्धारण गरे बमोजिम शेयर बिक्री गरिनेछ।

(८) प्रचलित कानूनमा वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अन्तर्राष्ट्रिय सरकारी वा अन्तरसरकारी वित्तीय संस्थाले कोषको शेयर खरिद गर्न चाहेमा समितिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय

बमोजिम कोषको शेयर बिक्री गर्न सकिनेछ। त्यसरी शेयर बिक्री गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(९) उपदफा (८) को प्रयोजनको लागि कोषमा नेपाल सरकारको उपदफा (३) को खण्ड (क) बमोजिमको शेयर सङ्ख्या छब्बीस प्रतिशतमा नघट्ने गरी बिक्री गर्न सकिनेछ।

(१०) कोषको शेयर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

९. **कोषको काम र कर्तव्यः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम र कर्तव्यको अतिरिक्त कोषको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) मुलुकको आर्थिक विकास, रोजगारी प्रवर्द्धन र उच्च आर्थिक प्रतिफल दिन सक्ने पूर्वाधार आयोजनामा वित्तीय लगानी गर्ने,

(ख) खण्ड (क) को प्रयोजनको लागि दफा ३ बमोजिमको वैकल्पिक वित्त परिचालन गर्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सङ्गठित संस्था वा आयोजनाको तर्फबाट जमानत लिई ऋणपत्र जारी गर्ने,

(घ) दृष्टिबन्धक (हाइपोथिकेशन) लिई आयोजनामा वित्तीय लगानी गर्ने,

(ङ) प्रचलित कानूनको प्रतिकूल नहुने गरी नेपाल राष्ट्र बैङ्कबाट ऋण प्राप्त गर्ने,

(च) अन्तर्राष्ट्रिय वित्तीय संस्था वा विदेशी बैङ्क वा वित्तीय संस्थाबाट ऋण वा अनुदान रकम प्राप्त गर्ने,

(छ) मुलुकभित्र वा विदेशी पुँजी बजारमा ऋणपत्र वा मिश्रित वित्तीय उपकरण जारी गरी ऋण वा स्वपुँजी उठाउने,

(ज) कोषले जारी गरेका ऋणपत्र वा डिबेन्चर मुलुकभित्र वा विदेशी पुँजी बजारमा सूचीकृत गरी धितोपत्र बजारमा खरिद बिक्री गर्ने वा तरलता बजार विकास गर्ने,

(झ) आयोजनामा ऋण वा स्वपुँजी वा दुवै परिचालन गर्ने,

(ञ) बैङ्क तथा वित्तीय संस्थासँग समन्वय गरी आयोजनाको लागि जमानत, प्रतीतपत्र खोल्न सहजीकरण गर्ने,

(ट) आयोजनामा लगानी गर्ने उद्देश्यले छुट्टै खाता खोली कोष स्थापना गर्ने,

(ठ) आफ्नो पूर्ण वा आंशिक स्वामित्वमा सहायक कम्पनी स्थापना गरेर वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको बैङ्क, पूर्वाधार विकास बैङ्क वा वित्तीय संस्थासँगको सहलगानीमा आयोजना विकास वा लगानी गर्ने,

(ड) वैकल्पिक विकास वित्त कोष वा अन्य कोषको व्यवस्थापकको रूपमा काम गर्ने,

(ढ) मागको आधारमा सार्वजनिक निकायलाई आयोजना विकास गर्न परामर्श सेवा प्रदान गर्ने,

(ण) नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी पुँजी बजारमा सूचीकृत हुने र धितोपत्र सम्बन्धी उपकरण जारी गर्ने, गराउने,

(त) नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट कुनै आयोजनाको लागि ऋण लिने तथा त्यस्तो ऋणलाई आवश्यकता अनुसार हेजिङ्ग गर्ने,

(थ) कुनै सङ्गठित संस्था वा आयोजनाले पूर्वाधार आयोजना कार्यान्वयन गर्न रकम जुटाउन अनुरोध गरेमा वित्तीय मध्यस्थ (इन्टरमेडियरी) को रूपमा काम गर्ने,

(द) प्रचलित कानून बमोजिम स्थापित कुनै वित्तीय वा अन्य संस्था प्राप्ति (एक्विजिशन) गर्ने,

(ध) कोषले ऋण वा जमानत प्रदान गरेको आयोजनाको अनुगमन गर्ने,

(न) वैकल्पिक विकास वित्त परिचालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने।

(२) कोषले विकास गरेका आयोजना मध्ये नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम तोकिएका आयोजना संचालनका लागि छुट्टै सहायक कम्पनी वा निकाय स्थापना गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम स्थापना भएका कम्पनी वा निकायमा अन्तर्राष्ट्रिय वित्तीय संस्था तथा स्वदेशी वा विदेशी लगानीकर्ताबाट स्वः पुँजी वा बन्ड वा ऋणपत्र जारी गरी पुँजी संकलन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम कोषको तर्फबाट गर्नुपर्ने काम समितिले गर्नेछ।

## परिच्छेद-४
## <u>सञ्चालक समिति सम्बन्धी व्यवस्था</u>

१०. **<u>सञ्चालक समितिः</u>** (१) कोषको व्यवस्थापन तथा सञ्चालन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | मन्त्रालयको सहसचिव | -सञ्चालक |
| (ग) | पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका इन्जिनियरिङ्ग सेवाका सहसचिवमध्येबाट मन्त्रालयले तोकेको दुई जना सहसचिव | -सञ्चालक |
| (घ) | दफा ८ को उपदफा (३) को खण्ड (ख) बमोजिमका शेयरधनीको तर्फबाट एक जना प्रतिनिधि | -सञ्चालक |
| (ङ) | दफा ८ को उपदफा (३) को खण्ड (ग) बमोजिमका शेयरधनीको तर्फबाट एक जना प्रतिनिधि | -सञ्चालक |
| (च) | समितिबाट नियुक्त स्वतन्त्र विशेषज्ञ एक जना | -सञ्चालक |

(२) दफा ८ को उपदफा (३) को खण्ड (ख) वा (ग) बमोजिमका शेयरधनीको सहमतिमा हरेक २ वर्षमा आलोपालो हुने गरी त्यस्तो समूहको शेयरधनीको तर्फबाट पहिलो पटक एक-एक जना सञ्चालक रहनेछन्।

तर त्यसरी सहमति कायम हुन नसकेमा त्यस्ता संस्थाको वर्णानुक्रम अनुसार आलोपालो हुने गरी एक-एक जना सञ्चालक रहनेछन्।

(३) प्रमुख कार्यकारी अधिकृतले समितिको बैठकमा स्थायी आमन्त्रित सदस्यको रूपमा भाग लिनेछ।

(४) प्रमुख कार्यकारी अधिकृतको सिफारिसमा समितिले तोकेको कोषको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।

(५) उपदफा (१) को खण्ड (च) बमोजिमको सञ्चालकको कार्य अवधि दुई वर्षको हुनेछ र निज थप एक कार्य अवधिको लागि पुनः नियुक्त हुन सक्नेछ।

(६) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सञ्चालकलाई मन्त्रालयले र खण्ड (घ) र (ङ) बमोजिम नियुक्त हुने सञ्चालकलाई सम्बन्धित शेयरधनीले जुनसुकै बखत परिवर्तन गर्न सक्नेछ।

(७) कार्य अवधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गर्नु पर्नेछ।

(८) अध्यक्ष बाहेक अन्य सञ्चालकले पहिलो बैठकमा भाग लिनुअघि अध्यक्ष समक्ष शपथ सम्बन्धी प्रचलित कानून बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

११. **स्वतन्त्र विशेषज्ञ सञ्चालकको योग्यताः** स्वतन्त्र विशेषज्ञ सञ्चालकको पदमा नियुक्त हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, विकास अध्ययन, कानून, इन्जिनियरिङ्ग,

वित्त विश्लेषण वा वित्तशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कुनै बैङ्क वा वित्तीय संस्था, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा पूर्वाधार आयोजनाको क्षेत्रमा कम्तीमा बीस वर्षको व्यवस्थापकीय अनुभव भएको वा वैकल्पिक वित्त परिचालन वा आयोजना विश्लेषणको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको वा सरकारी सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा दश वर्ष काम गरेको,

(ग) कुनै बैङ्क, वित्तीय संस्था, बीमा कम्पनी, कोष व्यवस्थापक संस्था वा धितोपत्र बजारसँग सम्बन्धित कम्पनीको कुनै पदमा बहाल नरहेको।

१२. **<u>स्वतन्त्र विशेषज्ञ सञ्चालकको अयोग्यता र पद रिक्त हुने अवस्थाः</u>** (१) देहायको कुनै व्यक्ति स्वतन्त्र विशेषज्ञ सञ्चालकको पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन अयोग्य मानिनेछः-

(क) दफा ११ बमोजिमको योग्यता नपुगेको,

(ख) दामासाहीमा परेको,

(ग) भ्रष्टाचार, जालसाज, कीर्ते, ठगी, चोरी, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन वा ओसारपसार, अपहरण, जबरजस्ती करणी, प्राचीन स्मारक वा वन्यजन्तु विरुद्धको कसूर वा अन्य कुनै सङ्गठित अपराध वा

नैतिक पतन देखिने फौजदारी कसूरमा दोषी ठहरिएको,

(घ) कोषबाट ऋण प्राप्त गरी आयोजना कार्यान्वयन गरिरहेको सङ्गठित संस्थाको सञ्चालक, शेयरधनी वा सदस्य पदमा वा कुनै फर्मधनी वा साझेदारको रूपमा बहाल रहेको,

(ङ) कोषसँग भएको कुनै ठेक्का वा खरिद सम्झौतामा कुनै प्रकारले संलग्नता रहेको वा कुनै स्वार्थ रहेको,

(च) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको।

(२) देहायको कुनै अवस्थामा स्वतन्त्र विशेषज्ञ सञ्चालकको पद रिक्त हुनेछः-

(क) उपदफा (१) बमोजिम सञ्चालक हुन अयोग्य भएमा,

(ख) मनासिब कारण खुलाई समितिलाई पूर्वसूचना नदिई लगातार तीन पटक वा सोभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सञ्चालकको रूपमा कार्यसम्पादन गर्न असमर्थ रहेको भनी समितिको सिफारिसमा नेपाल सरकारले पदमुक्त गरेमा,

(घ) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ङ) निजको मृत्यु भएमा।

१३. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अघि अध्यक्षको निर्देशन अनुसार बैठकको कार्यसूची सहित सञ्चालकलाई लिखित सूचना दिनु पर्नेछ। त्यस्तो सूचना विद्युतीय माध्यमबाट पनि दिन सकिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा दफा १० को उपदफा (१) को खण्ड (ख) बमोजिमको सञ्चालकले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा पचास प्रतिशतभन्दा बढी सञ्चालक उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) कुनै सञ्चालक काठमाडौं उपत्यकाभित्र नरहेको वा काबुबाहिरको परिस्थिति उत्पन्न भई बैठकमा उपस्थित हुन नसकेको कारणले श्रव्य-दृश्य माध्यमबाट समितिको बैठकमा उपस्थित हुन निजले गरेको अनुरोध बमोजिम त्यस्तो माध्यमबाट उपस्थित रहेमा उपदफा (४) को प्रयोजनको लागि निज उपस्थित भएको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने सञ्चालकले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकमा उपस्थित भई भाग लिए बापत सञ्चालकले पाउने बैठक भत्ता मन्त्रालयको सहमतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(८) समितिले लगानीसँग सम्बन्धित मन्त्रालयको सचिव, नेपाल सरकारको कुनै अधिकृत वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) दफा १० को उपदफा (१) को खण्ड (ङ) बमोजिम नियुक्त हुने सञ्चालकले आफ्नो कम्पनीले बिमा गरेको कुनै आयोजनासँग सम्बन्धित विषयमा छलफल हुने बैठकमा भाग लिन पाउने छैन ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको नीति, कार्यक्रम र योजना स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) कोषलाई नीतिगत निर्देशन दिने,

(ग) आवश्यकता अनुसार लगानी र वित्तीय उपकरण स्वीकृत गर्ने,

(घ) यस ऐन बमोजिम स्थापना हुने विभिन्न कोषको कार्य सञ्चालन प्रक्रिया निर्धारण गर्ने,

(ङ) रोजगारीका अवसर सिर्जना, आर्थिक समृद्धि वा निकासी प्रवर्द्धन गर्ने पूर्वाधार वा उत्पादनमूलक क्षेत्रको आयोजनाको अध्ययन तथा मूल्याङ्कन गर्ने, गराउने,

(च) दफा ४ को उपदफा (२) बमोजिमको आयोजनामा लगानी स्वीकृत गर्ने,

(छ) कोषले परिचालन गरेको वित्तीय तथा लगानी उपकरणको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने

(ज) कोषको स्रोत र विनियोजनको पारदर्शिता तथा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्ने, गराउने,

(झ) कोषको काम कारबाहीमा संस्थागत सुशासन कायम गर्ने, गराउने,

(ञ) आयोजनामा लगानी गर्दा वातावरणीय संरक्षणका उपाय, दिगो विकास र त्यसको सकारात्मक सामाजिक प्रभाव सुनिश्चित गर्न आवश्यक मापदण्ड वा मार्गदर्शन स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(ट) आयोजनामा लगानी गर्दा जोखिम पहिचान र त्यसको न्यूनीकरण गर्न बीमा लगायतका आवश्यक सुरक्षणका उपाय अवलम्बन गर्ने,

(ठ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ड) वैकल्पिक विकास वित्त परिचालन वा आयोजनामा लगानी गर्दा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, अन्य प्रचलित कानून, कोषको साधारण सभाको निर्णय तथा आयोजना लगानी सम्बन्धी स्थापित अभ्यास र प्रचलनको पालना गर्ने, गराउने,

(ढ) यस ऐन बमोजिम कोषले सम्पादन गर्नु पर्ने कामसँग सम्बन्धित सहायक कम्पनी संस्थापना गर्ने,

(ण) कोषले कुनै आयोजना वा सङ्गठित संस्थामा गरेको ऋण लगानीलाई स्वपुँजीमा रुपान्तरण गर्ने,

(त) वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी अन्य कार्य गर्ने, गराउने।

१५. **<u>जानकारी गराउनु पर्ने:</u>** (१) सञ्चालकले निज नियुक्ति भएको मितिले तीस दिनभित्र समितिको बैठकमा देहायका विषय जानकारी गराउनु पर्नेछः-

(क) बैठकमा भाग लिँदाका बखत निजको एकाघरका परिवारका सदस्यको विवरण,

(ख) निज वा निजको एकाघरको परिवारको कुनै सदस्यको कोषमा शेयर रहेको वा कोषले लगानी गरेको कुनै कम्पनीको संस्थापक शेयरधनी, आधारभूत शेयरधनी वा सञ्चालक पदमा बहाल रहे वा नरहेको,

(ग) निज वा निजको एकाघरको परिवारको कुनै सदस्यको कोषमा शेयर रहेको वा कोषले लगानी गरेको कुनै कम्पनीको शेयरधनी रहेको भए निजले लिएको शेयर सङ्ख्या र शेयरको प्रकृति,

(घ) निज नियुक्त हुनुभन्दा अघिल्लो तीन वर्षको अवधिमा निज वा निजको एकाघरको परिवारको कुनै सदस्यको कोषमा शेयर

रहेको वा कोषले लगानी गरेको कुनै पूर्वाधार कम्पनीमा प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत, लेखापरीक्षक, प्रबन्धक, कार्यकारी निर्देशक वा निर्णय गर्न सक्ने वा निर्णयमा प्रभाव पार्न सक्ने कुनै पदमा बहाल रहे वा नरहेको,

(ङ) दफा १२ बमोजिम सञ्चालक पदमा नियुक्त हुन निज अयोग्य नभएको विषय,

(च) सञ्चालक पदमा रहँदा कुनै विषयमा निजको स्वार्थ रहेको विषय।

(२) उपदफा (१) बमोजिम सञ्चालकले जानकारी गराएको विषय कोषले अभिलेख गरी राख्नु पर्नेछ।

(३) समितिले कुनै निर्णय गर्दा कुनै सञ्चालकको स्वार्थ बाझिने अवस्था भएमा त्यस्तो सञ्चालकले सो विषयको छलफल तथा मतदानमा भाग लिनु हुँदैन।

(४) उपदफा (१) बमोजिम सञ्चालकले जानकारी नगराएको कुनै विषय उपर समितिको बैठकमा भएको छलफलमा भाग लिने त्यस्तो सञ्चालकको स्वार्थ बाझिने विषय नरहेको मानिनेछ।

**१६.** **<u>सञ्चालकको जिम्मेवारी र जवाफदेहिताः</u>** (१) यस ऐन वा प्रचलित कानून बमोजिम सञ्चालकको हैसियतमा गर्नु पर्ने जिम्मेवारी पूरा गर्नु, कोषको तर्फबाट कार्यसम्पादन गर्नु र कोषको हितमा काम गर्नु प्रत्येक सञ्चालकको जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पूरा गर्न सञ्चालक व्यक्तिगत तथा सामूहिक रूपमा जवाफदेही हुनेछन्।

(३) कुनै सञ्चालकले बदनियत वा लापरबाही गरी कोषलाई हानि, नोक्सानी गरे वा गराएमा त्यस्तो सञ्चालक त्यस्तो हानि, नोक्सानीप्रति व्यक्तिगत रूपमा जवाफदेही र प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुनेछ।

१७. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** (१) समितिले देहाय बमोजिमका उपसमिति गठन गर्न सक्नेछः-

(क) लेखापरीक्षण उपसमिति,

(ख) लगानी उपसमिति,

(ग) जोखिम न्यूनीकरण तथा व्यवस्थापन उपसमिति।

(२) उपदफा (१) बमोजिमका उपसमितिको गठन, कार्य अवधि तथा कार्यक्षेत्रगत सर्त समितिले त्यस्तो उपसमिति गठन गर्दाको बखत निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिले कुनै खास विषय अध्ययन, अनुसन्धान वा जाँचबुझ गर्न वा कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गठन हुने कार्यदलको कार्यक्षेत्रगत सर्त त्यस्तो कार्यदल गठन गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५
## कोषको सङ्गठन संरचना

१८. **कोषको सङ्गठन संरचनाः** (१) कोषको सङ्गठन संरचना समितिको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सङ्गठन संरचनामा नेपाल सरकारले खटाएका कर्मचारी, कोषले कार्यसम्पादन करार गरी करार सेवामा नियुक्त गरेका कर्मचारी र सेवा करारमा लिइने विज्ञ रहनेछन्।

(३) उपदफा (२) बमोजिम सेवा करार वा करार सेवामा नियुक्त हुने विज्ञ वा कर्मचारीको पारिश्रमिक, सेवाका सर्त र अन्य सुविधा मन्त्रालयको सहमतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **प्रमुख कार्यकारी अधिकृतः** (१) कोषको दैनिक प्रशासन सञ्चालन, व्यवस्थापन तथा कार्यसम्पादन गर्न एक प्रमुख कार्यकारी अधिकृत रहनेछ।

(२) प्रमुख कार्यकारी अधिकृत कोषमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक, सेवाका सर्त र अन्य सुविधा मन्त्रालयको सहमतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, विकास अध्ययन, वित्त विश्लेषण, कानून, इन्जिनियरिङ्ग वा विकास प्रशासन विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र पूर्वाधार संरचना, आयोजना निर्माण तथा विकास, सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैंङ्किङ्ग, वित्तीय क्षेत्र, औद्योगिक

व्यवस्थापन वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्र वा संस्थामा कम्तीमा पन्ध्र वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको नेपाली नागरिक प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त हुन योग्य मानिनेछ।

तर यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि यस ऐन बमोजिमको योग्यता पूरा गरेको कुनै विदेशी नागरिकलाई प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुन योग्य हुने छैनः-

(क) भष्ट्राचार, चोरी, मानव बेचबिखन वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, जबरजस्ती करणी, कीर्ते तथा जालसाज जस्ता नैतिक पतन देखिने कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) प्रचलित कानून बमोजिम कालोसूचीमा परेकोमा सो अवधिभर,

(ग) कुनै पनि विदेशी मुलुकमा स्थायी रुपले बसोबास गर्न डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेण्ट रेजिडेण्ट भिसा (पि.आर.), ग्रीन कार्ड वा जुन सुकै नामको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा नभएको,

(ङ) पैंसठ्ठी वर्ष उमेर पूरा भएको।

(५) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको संयोजकत्वमा नेपाल राष्ट्र बैङ्कको गभर्नर र लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृत रहेको तीन सदस्यीय एक सिफारिस समिति रहनेछ।

(६) उपदफा (५) बमोजिमको सिफारिस समितिले छनोटको प्रक्रिया आफैं निर्धारण गरी प्रतिस्पर्धाको आधारमा प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि उपयुक्त तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिमध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले एक जनालाई प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ।

(८) उपदफा (७) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्दा वैकल्पिक वित्त परिचालन वा आयोजना विश्लेषणको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

(९) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि पुनः नियुक्त हुन सक्नेछ।

(१०) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ख) कार्यक्षमताको अभाव, खराब आचरण वा दफा २१ को उपदफा (४) बमोजिम निजको कार्यसम्पादनको स्तर

सन्तोषजनक नभएको कारणले समितिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले निजलाई पदमुक्त गरेमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजले समिति मार्फत् आफ्नो पदबाट दिएको राजीनामा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत भएमा,

(ङ) निजको मृत्यु भएमा।

(११) उपदफा (१०) को खण्ड (ख) बमोजिम पदमुक्त गर्नुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(१२) प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति भई पदावधि समाप्त भएको मितिले तीन वर्षसम्म आफू कोषमा रहेको अवधिमा यस ऐन बमोजिम लगानी स्वीकृति भएको आयोजनामा संलग्न हुन पाइने छैन।

तर नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वा नेपाल सरकारको नियन्त्रणमा रहेको कुनै सङ्गठित संस्थाबाट कार्यान्वयन भएको कुनै आयोजनामा संलग्न हुन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृत नियुक्ति नभएसम्मको लागि वा नियुक्ति भएकोमा प्रचलित कानून बमोजिम निलम्बनमा परेको वा निजको पद रिक्त रहेको अवस्थामा त्यस्तो अवधिसम्मको लागि मन्त्रालयले तोकेको मन्त्रालयको सहसचिवले प्रमुख कार्यकारी अधिकृतको रुपमा कोषको कार्यसम्पादन गर्नेछ।

२०. **<u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ख) आयोजनाको लगानी स्वीकृतिको लागि समितिमा प्रस्ताव पेस गर्ने,

(ग) कोषबाट भएको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(घ) कोषको कार्यक्रम, वार्षिक बजेट, व्यावसायिक योजना वा कम्तीमा पाँच वर्षको आवधिक रणनीति तयार गरी स्वीकृतिको लागि समितिमा पेस गर्ने,

(ङ) कोषको कार्यक्रम, वार्षिक बजेट, व्यावसायिक योजना र रणनीतिक योजना कार्यान्वयन गर्ने,

(च) कोषबाट लगानी भएको आयोजना कार्यान्वयनको अनुगमन गरी सोको प्रतिवेदन समितिमा पेस गर्ने,

(छ) वैकल्पिक वित्त उपकरण उपयोगको सम्भाव्यता सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन गर्ने,

(ज) समितिले निर्धारण गरेका अन्य कार्य गर्ने, गराउने।

२१. **कार्यसम्पादन करार गर्नु पर्ने:** (१) दफा १९ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत र समिति बीच निज नियुक्त भएको तीस दिनभित्र वार्षिक कार्यसम्पादन करार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा अन्य कुराको अतिरिक्त देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) प्रमुख कार्यकारी अधिकृतले एक वर्षभित्र सम्पादन गर्नु पर्ने कार्य विवरण तथा निजको जिम्मेवारी,

(ख) आयोजना सम्बन्धी नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट, रणनीतिक योजना, समितिबाट पारित प्रस्ताव र निर्णय तथा निजले पेस गरेको रणनीति र कार्ययोजना सम्बन्धी प्रस्तावमा उल्लिखित व्यावसायिक कार्यक्रम, योजना, रणनीति, कार्ययोजना र सोको कार्यान्वयनको खाका तथा समय सीमाको विवरण,

(ग) कार्यसम्पादनको मापन गर्न सकिने गरी तयार गरिएको मापन सूचक वा अपेक्षित उपलब्धिको परिणामको विवरण,

(घ) कार्यसम्पादनको गुणस्तर, कार्यसम्पादन करारमा अपेक्षा गरेको भन्दा कम उपलब्धि हासिल भएमा वा त्यस्तो उपलब्धि हासिल हुन नसकेमा सोप्रति निजको जवाफदेहिता,

(ङ) कार्यसम्पादनसँग सम्बन्धित अन्य आवश्यक विषय।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम प्रमुख कार्यकारी अधिकृतबाट सम्पादन भएको कामको परिणाम र उपलब्धि वा त्यसको गुणस्तर, कार्यसम्पादन करारमा उल्लिखित समय सीमा वा स्तर बमोजिम भए वा नभएको सम्बन्धमा समितिले तोकेको स्वतन्त्र मूल्याङ्कनकर्ताबाट प्रत्येक वर्ष मूल्याङ्कन गरिनेछ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यसम्पादनस्तर कमजोर भएको देखिएमा समितिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रमुख कार्यकारी अधिकृतलाई हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-६

## आयोजनामा लगानी

२२. **आयोजनामा लगानी गर्न सक्नेः** (१) कोषले यस ऐन, नेपाल सरकारको पूर्वाधार विकास नीति तथा कोषको आयोजना लगानी नीतिको अधीनमा रही आफ्नो कोषमा रहेको वा दफा ३२ बमोजिमको अन्य कोषमा जम्मा भएको रकम दफा ४ को उपदफा (२) बमोजिमको आयोजनामा लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि कोषले उपयुक्त देखेको आयोजनामा देहायको कुनै वा सबै उपाय अपनाई लगानी गर्न सक्नेछः-

(क) शेयर खरिद गरी स्वपुँजी प्रवाह,

(ख) ऋण प्रवाह,

(ग) खण्ड (क) वा (ख) बमोजिम स्वपुँजी र ऋण लगानी,

(घ) विशिष्ट जमानत प्रदान,

(ङ) तोकिए बमोजिमका अन्य वित्तीय उपकरणको प्रयोग।

(३) यस ऐन बमोजिम कोषले आयोजनामा गरेको ऋण लगानीको नेपाल राष्ट्र बैङ्कले नियमन र अनुगमन गरी आवश्यकता अनुसार निर्देशन जारी गर्न सक्नेछ। त्यसरी जारी गरिएको निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ।

२३. <u>**आयोजनाको अध्ययन गर्नु पर्नेः**</u> (१) कोषमा लगानीको लागि प्रस्ताव गरिएको आयोजनामा कोषले लगानी गर्नुअघि त्यस्तो आयोजनाको देहायको पक्षमा अध्ययन गर्नु पर्नेछः-

(क) आयोजनाको समग्र आर्थिक तथा वित्तीय सबलता,

(ख) उच्च प्रतिफल दिन सक्ने सम्भाव्यता,

(ग) आयोजना कार्यान्वयन मार्फत् अधिक रूपमा निजी लगानी परिचालन गर्न सक्ने क्षमता,

(घ) मुलुकको दिगो विकास र समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने क्षमता,

(ङ) रोजगारीका अवसर विस्तार गर्न सक्ने क्षमता, र

(च) अत्याधुनिक प्रविधि (स्टेट अफ आर्ट) को प्रयोग।

(२) उपदफा (१) बमोजिम आयोजनाको अध्ययनको अतिरिक्त कोषले छुट्टै संरचना, संस्था वा समूह मार्फत् त्यस्तो आयोजनाको जोखिम मूल्याङ्कन गर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको अध्ययनबाट लगानी गर्न उपयुक्त हुने देखेमा कोषले दीर्घकालीन र उच्च लाभ तथा न्यूनतम जोखिम भएको आयोजनामा लगानी गर्नेछ।

(४) कोषले आयोजनामा ऋण लगानी गर्दा आवश्यक धितो लिनु पर्नेछ। त्यस्तो धितो पर्याप्त नहुने देखिएमा कोषले समग्र आयोजनालाई धितोमा लिनु पर्नेछ।

२४. **आयोजना कार्यान्वयनका सर्तः** (१) दफा २३ बमोजिम लगानीको लागि उपयुक्त देखिएको आयोजनाले लगानी सुरु गर्नुअघि देहायका प्रतिबद्धता पूरा गर्नु पर्नेछः-

(क) आयोजनाबाट प्रभावित हुने वातावरणीय मापदण्डको पालना र वातावरण मैत्री निर्माण सामग्री तथा प्रविधिको उपयोग गर्ने,

(ख) संस्थागत सुशासन कायम गर्ने,

(ग) आयोजनाको जोखिम विश्लेषण, बजार अध्ययन, लागत लाभ विश्लेषण र मूल्याङ्कन गर्ने संयन्त्रको व्यवस्था गर्ने,

(घ) आयोजना कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलको प्रक्षेपण र मूल्याङ्कन गर्ने संयन्त्रको व्यवस्था गर्ने।

(२) कोषबाट लगानी स्वीकृत भएको आयोजनाले आयोजना कार्यान्वयनको क्रममा देहायका सर्तको पालना गर्नु पर्नेछः-

(क) प्राविधिक, व्यावसायिक र वातावरणीय पक्षको आवधिक मूल्याङ्कन,

(ख) आयोजनाको जोखिम न्यूनीकरणको लागि आवश्यक व्यवस्था,

(ग) सार्वजनिक-निजी क्षेत्र र स्थानीय समुदायसँग आवश्यक समन्वय र सहयोग,

(घ) तोकिए बमोजिमका अन्य सर्त।

२५. **जमानत दिन सक्ने**ः (१) कुनै आयोजनाको लागि आवश्यक लगानी जुटाउन कोष, नेपाल सरकार वा कुनै अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कुनै किसिमको जमानत आवश्यक भएको कारण देखाई आयोजना कार्यान्वयन गर्ने संस्थाले त्यस्तो जमानतको लागि कोषलाई अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा देहायको सर्त पूरा गरेको आयोजनालाई कोष आफैंले जमानत प्रदान गर्न वा जमानत प्रदान गर्नको लागि मन्त्रालय मार्फत् नेपाल सरकार वा कुनै अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई सिफारिस गर्न सक्नेछः-

(क) कोषको अध्ययनबाट आयोजनाको प्रतिफल तथा जोखिम विश्लेषणका हिसाबले जमानत दिन योग्य भएको,

(ख) आयोजना सम्बद्ध मन्त्रालयबाट सिफारिस भएको,

(ग) राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएको,

(घ) सार्वजनिक-निजी साझेदारी अन्तर्गत आयोजना कार्यान्वयन हुने भएमा लगानी बोर्ड नेपालको सिफारिस प्राप्त भएको।

(३) उपदफा (२) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट जमानत स्वीकृत भएमा कोषले वैकल्पिक विकास वित्तका सम्भाव्य उपकरण मार्फत् लगानी परिचालन गर्न सक्नेछ।

(४) नेपाल सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले कोषलाई दिएको जमानतको आधारमा कोष आफैंले वा संयुक्त रूपमा सम्भाव्य आयोजनाको लागि जमानत दिई लगानी परिचालन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम नेपाल सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको तर्फबाट जमानत दिएकोमा त्यसरी जमानत दिएको वा स्वीकृति प्राप्त भएको पन्ध्र दिनभित्र नेपाल सरकारको जमानत भए सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र अन्तर्राष्ट्रिय वित्तीय संस्थाको तर्फबाट जमानत दिएको भए सम्बन्धित वित्तीय संस्थालाई सोको विवरण सहित जानकारी दिनु पर्नेछ।

(६) यस दफामा लेखिएको कुनै कुराले प्रचलित कानून बमोजिम जमानत दिन सक्ने नेपाल सरकारको अधिकारलाई कुनै किसिमले सीमित गरेको वा बाधा पुऱ्याएको मानिने छैन।

(७) उपदफा (३) र (४) बमोजिम कोषले जमानत दिने, अभिलेख राख्ने तथा फरफारक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **<u>लगानी रकम फिर्ता माग गर्न वा रोक्का गर्न सक्नेः</u>** (१) यस ऐन बमोजिम भएका कुनै आयोजना सम्बन्धी सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा कोषले कुनै सङ्गठित संस्था वा आयोजनालाई प्रवाह गरेको लगानी रकम फिर्ता माग गर्न वा भुक्तानी गर्नु पर्ने लगानी रकम रोक्का गर्न सक्नेछः-

(क) आयोजनाले लगानीको सर्त पालना नगरेमा,

(ख) लगानी रकम आयोजनामा उपयोग नगरी अन्यत्र प्रयोग गरेमा वा दिशान्तर गरेमा,

(ग) झुट्टा विवरण वा तथ्य दिई लगानी प्राप्त गरेको प्रमाणित भएमा,

(घ) मनासिब कारण बिना लगानी रकमको अनुपात वा आयोजना कार्यान्वयन तालिका बमोजिम आयोजना कार्यान्वयन नगरेमा,

(ङ) अर्को कुनै आयोजनामा कोषको ऋण लगानी भई कार्यान्वयन भइसकेकोमा त्यस्तो आयोजनाको भुक्तानीयोग्य ऋणको किस्ता रकम बमोजिम फिर्ता नगरेमा।

(२) उपदफा (१) बमोजिम कोषले ऋण लगानीको रकम फिर्ता माग गरेमा त्यसरी माग गरेको समयसम्म कोषले आयोजनालाई प्रदान गरेको ऋणको साँवा, ब्याज र सेवा शुल्क बाँकी भए त्यस्तो रकम समेत

सम्बन्धित सङ्गठित संस्था वा आयोजनाले कोषलाई अविलम्ब फिर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता नगरेमा कोषले तोकिए बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित आयोजना आफ्नो नियन्त्रणमा लिनेछ र आफ्नो बाँकी रकम असुल गरी तोकिए बमोजिम अर्को कुनै सङ्गठित संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न हस्तान्तरण गर्न सक्नेछ।

२७. **<u>धितो र त्यसको परिणामः</u>** (१) कोषले कुनै आयोजनामा ऋण लगानी गर्दा वा जमानत दिँदा ऋण वा जमानत दिएको रकम असुल हुन सक्ने कुनै चल वा अचल सम्पत्ति वा कार्यान्वयन गर्न प्रस्तावित आयोजना धितोमा लिनु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कुनै आयोजनाले धितो दिई कोषबाट ऋण लिए पश्चात् आयोजना वा आयोजनाको सम्पत्तिले खामेसम्म सोही सम्पत्ति धितो दिई अर्को कुनै व्यक्तिबाट ऋण लिएमा त्यस्तो धितोमा दाबी गर्ने कोषको पहिलो अधिकार हुनेछ। कोषको ऋण वा जमानतको रकम असुल नभएसम्म अर्को व्यक्तिले त्यस्तो धितोमा दाबी गर्न सक्ने छैन।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी अर्को कुनै व्यक्तिको पहिलो वा समान हक (पारीपासु) दाबी हुने गरी भएको कुनै सम्झौता, करार, प्रतिबद्धता, प्रबन्ध वा कारोबार स्वतः बदर हुनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको अगुवाई वा कोष संलग्न भई सहवित्तीयकरण (कन्सोर्टियम फाइनान्स) को आधारमा

आयोजना धितो वा दृष्टिबन्धक (हाइपोथिकेशन) राखी ऋण दिएकोमा त्यस्तो धितोमा सबै ऋणदाताको स्थिति समान रहनेछ।

## परिच्छेद- ७

## सहुलियत तथा सुविधा

२८. **सरकारी ऋणपत्र सरह व्यवहार गरिनेः** (१) यस ऐन बमोजिम नेपाल सरकारको जमानत प्राप्त गरी कोषले जारी गरेको ऋणपत्रलाई नेपाल सरकारले जारी गरेको विकास ऋणपत्र वा नागरिक बचतपत्र वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र सरह व्यवहार गरिनेछ। त्यस्तो ऋणपत्र धितोपत्र बजारमा सूचीकृत हुन वा दोस्रो बजारमा खरिद बिक्री हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाहेक कोषले जारी गरेको अन्य वित्तीय उपकरण समेत धितोपत्र बजारमा सूचीकृत हुन र दोस्रो बजारमा खरिद बिक्री गर्ने प्रयोजनको लागि नेपाल सरकारले जारी गरेको ऋणपत्र सरह व्यवहार र शुल्क लाग्नेछ।

(३) कुनै बैङ्क वा वित्तीय संस्थाले कोषले जारी गरेको कुनै क्षेत्रगत वित्तीय उपकरणमा लगानी गरेमा त्यस्तो बैङ्क वा वित्तीय संस्थाले बैङ्क वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम निर्दिष्ट क्षेत्रगत कर्जामा लगानी गरेको मानिनेछ।

(४) कोषले जारी गर्ने ऋणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **<u>लगानीकर्तालाई छुट, सुविधा वा सहुलियत दिन सकिनेः</u>** (१) नेपाल सरकारले कोषले जारी गरेका विभिन्न वित्तीय उपकरणमा लगानी गर्ने व्यक्तिगत तथा संस्थागत लगानीकर्ता वा सङ्गठित संस्थालाई प्रचलित कानून बमोजिम कर छुट तथा अन्य सहुलियत प्रदान गर्न सक्नेछ।

(२) वैकल्पिक विकास वित्त सङ्कलन गर्न विदेशी पुँजी बजारमा जारी गर्ने वित्तीय उपकरण वा हरित क्षेत्रको आयोजनाको लागि कोषले जारी गर्ने वित्तीय उपकरणमा नेपाल सरकारले विशेष छुट र सुविधा दिन सक्नेछ।

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनको लागि "हरित क्षेत्रको आयोजना" भन्नाले नेपाल राष्ट्र बैङ्कले वर्गीकरण गरेको हरित क्षेत्रको आयोजना सम्झनु पर्छ र सो शब्दले नवीकरणीय ऊर्जा उत्पादन वा प्रसारण आयोजना, शहरी विकास पूर्वाधार वा जलवायु अनुकूलन आयोजनालाई समेत जनाउँछ।

३०. **<u>दस्तुरमा छुट दिन सकिनेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कोषले कुनै आयोजनामा लगानी गर्दा लगानी सुरक्षण बापत लिएको धितोको रजिष्ट्रेशन पारित गर्नु पर्ने सम्झौता, करार वा धितोपत्र बापत लाग्ने दस्तुरमा छुट दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम लिखत पारित भएपछि कोषले सुरक्षण बापत लिएको सम्पत्ति वा आयोजना अन्य कसैलाई कुनै किसिमले हक हस्तान्तरण नहुने गरी रोक्का राख्न वा सुरक्षण बापत लिएको सम्पत्ति वा ऋण असुली नभएको कारणले आफ्नो नाममा हस्तान्तरण गर्न अनुरोध गरेमा कोषको नाममा रजिष्ट्रेशन, रोक्का वा दाखिल खारेज बापत लाग्ने दस्तुरमा छुट दिन सकिनेछ।

## परिच्छेद-८

## कोष सञ्चालन सम्बन्धी व्यवस्था

३१. **कोषमा रहने रकमः** (१) दफा ६ बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) दफा ८ बमोजिमको शेयर बिक्रीबाट प्राप्त हुने रकम,

(ख) दफा ३ बमोजिम वैकल्पिक विकास वित्त परिचालनबाट प्राप्त हुने रकम,

(ग) कुनै आयोजना कार्यान्वयन वा संस्थागत विकासका लागि नेपाल सरकारबाट प्राप्त हुने रकम,

(घ) अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट प्राप्त हुने ऋण वा अनुदान रकम,

(ङ) कोषले लगानी गरेको रकमबाट प्राप्त हुने ब्याज वा लाभांश रकम,

(च) कोषले प्रदान गर्ने सेवा शुल्क वा परामर्श सेवा बापतको रकम,

(छ) कुनै सङ्गठित संस्थाको ऋण लगानीको जमानत गरे वा वित्तीय मध्यस्थ निकायको सेवा प्रदान गरे बापत प्राप्त हुने सेवा शुल्कको रकम।

(२) उपदफा (१) बमोजिम कोषलाई प्राप्त भएको रकम समितिले निर्धारण गरेको नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्क वा पूर्वाधार विकास बैङ्कमा एक वा एकभन्दा बढी खाता खोली जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खाता खोल्दा नेपाली रुपैयाँ र विदेशी मुद्राको छुट्टाछुट्टै खाता खोल्नु पर्नेछ।

३२. <u>**अन्य कोषः**</u> (१) वैकल्पिक विकास वित्त परिचालन गर्दा प्रत्येक वित्तीय उपकरण परिचालनबाट प्राप्त हुने रकमको छुट्टाछुट्टै लेखा राखी अन्य कोषमा छुट्टाछुट्टै रुपमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रत्येक कोषको वित्तीय उपकरणको प्रकृति र प्रयोजन अनुसार कोष कायम रहने निश्चित अवधि निर्धारण गरी सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा जम्मा हुने रकम दफा ३१ को उपदफा (२) र (३) बमोजिम बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम बाहेक कोषले आफ्नो व्यावसायिक कारोबार गर्दा तोकिए बमोजिमका अन्य कोष स्थापना गर्न सक्नेछ।

३३. <u>**साधारण जगेडा कोष तथा स्वतन्त्र जगेडा कोष स्थापना गर्नु पर्नेः**</u> (१) कोषले आर्जन गरेको खुद मुनाफाबाट आफ्नो चुक्ता पुँजीको दोब्बर रकम नपुगेसम्म प्रत्येक वर्ष कम्तीमा बीस प्रतिशत र त्यसपछि दश प्रतिशत रकम छुट्याइ एक साधारण जगेडा कोष स्थापना गर्नु पर्नेछ।

(२) कोषले आर्जन गरेको खुद मुनाफाबाट तोकिए बमोजिमको रकम कट्टा गरी अर्को स्वतन्त्र जगेडा कोष (फ्री रिजर्भ फन्ड) स्थापना गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम स्थापना गरेको कोषबाट बोनस शेयर जारी गर्न वा तोकिए बमोजिम अन्य कार्यमा उपयोग गर्न सकिनेछ।

३४. **लाभांश वितरण गर्नु पर्नेः** कोष वा दफा ३२ बमोजिमका अन्य कोषले आर्जन गरेको खुद मुनाफाबाट कोष वा दफा ३२ बमोजिमका अन्य कोषको अघिल्लो वर्षको कुनै नोक्सानी भए सो पूर्ति गरी दफा ३३ बमोजिमको साधारण जगेडा कोष तथा स्वतन्त्र जगेडा कोषमा रकम जम्मा गरेपछि बाँकी रहेको मुनाफा रकमबाट शेयरधनीलाई लाभांश वितरण गर्नु पर्नेछ।

## परिच्छेद-९
## वित्तीय पारदर्शिता, लेखा तथा लेखापरीक्षण

३५. **वित्तीय पारदर्शिताः** (१) कोषले प्रत्येक तीन महिनामा आफ्नो वित्तीय विवरण तयार गरी नेपाल सरकार तथा शेयरधनीलाई उपलब्ध गराउनु पर्नेछ।

(२) कोषले उपदफा (१) बमोजिमको विवरण आवधिक रूपमा आफ्नो वेबसाइटमा सार्वजनिक गर्नु पर्नेछ।

(३) वित्तीय पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **कोषको लेखाः** (१) कोषले आफ्नो हिसाब किताब, खाता, बही, स्रेस्ता र लेखाको वास्तविक अभिलेख यथार्थ र दुरुस्त राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने लेखा दोहोरो लेखाप्रणालीमा आधारित लेखाका मान्य सिद्धान्त तथा मापदण्ड अनुरूप कारोबारको यथार्थ स्थिति देखिने गरी राख्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कोषले लेखा राख्दा वैकल्पिक वित्त सङ्कलन गर्दा प्रत्येक वित्तीय उपकरण

बापत सङ्कलन भएको रकम जम्मा भएका विभिन्न कोषको छुट्टाछुट्टै लेखा राख्नु पर्नेछ।

(४) कोषको लेखा अङ्ग्रेजी भाषामा र विद्युतीय माध्यममा समेत राख्नु पर्नेछ।

३७. **<u>वित्तीय प्रतिवेदन पेस गर्नु पर्ने</u>:** कोषले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो र दफा ३२ बमोजिमका अन्य कोषको वासलात र नाफा नोक्सान तथा कोषको वास्तविक वित्तीय स्थिति देखिने गरी एकीकृत वित्तीय प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नु पर्नेछ।

३८. **<u>आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नु पर्ने</u>:** (१) कोषको कारोबारको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(२) कोषले वित्तीय, प्रक्रियागत वा परिपालना जोखिम व्यवस्थापन र न्यूनीकरण गर्न प्रचलित कानून बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ।

३९. **<u>लेखापरीक्षण</u>:** (१) कोष वा दफा ३२ बमोजिमका अन्य कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गर्दा महालेखापरीक्षकले प्रचलित कानूनमा उल्लेख भएका कुराको अतिरिक्त कोषको काम कारबाही र वित्तीय कारोबार कानूनी र वित्तीय मापदण्ड अनुरूप भए वा नभएको सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद-१०

## कोष खारेजी सम्बन्धी व्यवस्था

४०. **कोषको खारेजीः** (१) कोषको खारेजी गर्नु परेमा नेपाल सरकार, मन्त्रिपरिषद्को पूर्वस्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खारेजीको पूर्वस्वीकृति प्राप्त गर्न कोषले खारेज गर्नु पर्ने कारण, खारेजीको कार्ययोजना र समितिको निर्णय सहित मन्त्रालय मार्फत् नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सोउपर अध्ययन गरी खारेजीको कारण मनासिब र कार्ययोजना उपयुक्त देखेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले कोष खारेजी सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक स्वीकृति दिन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले आफ्नो ऋण तथा दायित्व पूर्ण रूपमा भुक्तानी गर्न सक्षम छ भन्ने मनासिब कारण र आधार नभई नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (१) बमोजिमको स्वीकृति दिने छैन।

(५) नेपाल सरकार, मन्त्रिपरिषद्बाट खारेजीको पूर्वस्वीकृति प्राप्त भएपछि कोषले यस ऐन बमोजिम वैकल्पिक विकास वित्त परिचालन र आयोजनामा लगानीको काम गर्न सक्ने छैन।

(६) कोषको खारेजी सम्बन्धी अन्य व्यवस्था बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

४१. **लिक्विडेटरको नियुक्तिः** (१) दफा ४० बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले कोष खारेज गर्ने स्वीकृति दिएपछि समितिले खारेजीको प्रस्ताव पारित गरी त्यस प्रयोजनको लागि एक जना लिक्विडेटर नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको लिक्विडेटरले कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम निजलाई प्राप्त हुने अधिकारको प्रयोग गर्न सक्नेछ।

४२. **कोषको दामासाहीः** (१) कोषले तत्काल भुक्तानी गर्नु पर्ने ऋण वा दायित्व भुक्तानी गर्न नसकी बाँकी रहेमा वा भविष्यमा भुक्तानी गर्नु पर्ने सम्पूर्ण ऋण वा दायित्व पूरा गर्न नसक्ने अवस्था उत्पन्न भएमा वा कोषको दायित्वको रकम जायजेथाको मूल्यभन्दा बढी भएको अवस्थामा देहायमध्ये कसैले दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न अदालतमा निवेदन दिन सक्नेछः-

(क) कोष आफैं,

(ख) नेपाल सरकार,

(ग) दश प्रतिशत भन्दा बढी शेयर भएका शेयरधनी, वा

(घ) कोष खारेज गर्नको लागि दफा ४१ बमोजिम नियुक्त भएको लिक्विडेटर।

(२) कोषको दामासाही सम्बन्धी अन्य व्यवस्था दामासाही सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-११

## कसूर, सजाय तथा मुद्दाको कारबाही

४३. **कसूर र सजायः** (१) यस ऐन बमोजिम कोषबाट प्रवाह हुने लगानी, ऋण वा दिइने जमानत वा अन्य सुविधा प्राप्त गर्न कसैले कोषलाई झुठ्ठा वा गलत विवरण, प्रमाण, प्रतिवेदन वा लिखत पेस गरेमा वा गलत व्यहोराको धितो राखेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्ने वा गराउनेलाई कोषमा भएको हानि नोक्सानी बराबरको रकम असुल गरी त्यस्तो रकमको दोब्बर रकम बराबरको जरिबाना र दुई वर्षसम्म कैद सजाय हुनेछ।

४४. **मुद्दाको कारबाही र किनाराः** (१) दफा ४३ को उपदफा (१) बमोजिमको कसूरको अनुसन्धान नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान गर्दा कुनै विज्ञको परामर्श सेवा वा सहयोग लिनु पर्ने भएमा अनुसन्धान अधिकारीले त्यस्तो सेवा वा सहयोग लिन सक्नेछ र त्यस बापतको खर्च कोषले व्यहोर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारीले अनुसन्धान प्रारम्भ गरेको मितिले साठी दिनभित्र अनुसन्धान पूरा गरी सम्बन्धित सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस गरेको अनुसन्धान प्रतिवेदनको आधारमा सम्बन्धित सरकारी वकिलले अभियोगपत्र तयार गरी प्रचलित कानून बमोजिम सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।

४५. **नेपाल सरकार वादी हुनेः** यस ऐन बमोजिम सजाय हुने कसूरको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

## परिच्छेद-१२

## विविध

४६. **कोषको साधारण सभाः** (१) कोष स्थापना भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष सम्पन्न भएको छ महिनाभित्र कोषका शेयरधनीको वार्षिक साधारण सभा बस्नु पर्नेछ।

(२) कोषको साधारण सभा सम्बन्धी अन्य व्यवस्था पब्लिक लिमिटेड कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

४७. **कोषको वार्षिक कार्यक्रम र बजेटः** (१) कोषको वार्षिक कार्य सञ्चालनका लागि समितिले आफ्नो कार्यक्रम र बजेट पारित गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) कोषले प्रत्येक वर्ष आफ्नो व्यावसायिक योजना स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ।

४८. **वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेः** (१) प्रमुख कार्यकारी अधिकृतले कोषले गरेको समग्र प्रगति, विभिन्न कोषको गतिविधि र प्रत्येक वित्तीय उपकरणबाट स्थापना भएको कोषको स्थिति, वैकल्पिक विकास वित्त परिचालन गर्न नेपाल सरकारले जमानत दिएको कारणबाट सिर्जना भएको नेपाल सरकारको दायित्व र अन्य सम्बद्ध वित्तीय विवरण समेटिएको वार्षिक प्रतिवेदन तयार गरी साधारण सभाबाट स्वीकृत गराई आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको वार्षिक प्रतिवेदन मन्त्रालयले सार्वजनिक गरी मन्त्रालय र कोषको वेबसाइटमा समेत राख्नु पर्नेछ।

४९. **कोषको आवधिक मूल्याङ्कन गराउनु पर्ने:** (१) कोष तथा कोष अन्तर्गत रहेको दफा ३१ बमोजिमका अन्य कोषका उपकरणको वित्तीय स्थिति, यसको स्थायित्व, सम्पत्ति र दायित्व तथा कोषको समग्र कार्यसम्पादन मूल्याङ्कन गर्न प्रत्येक तीन वर्षमा एक पटक अन्तर्राष्ट्रियस्तरको स्वतन्त्र मूल्याङ्कनकर्ताबाट कोषको मूल्याङ्कन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनकर्ताले कोषको मूल्याङ्कन गरी तोकिए बमोजिमको विवरण सहितको प्रतिवेदन मन्त्रालय र समितिमा पेस गर्नु पर्नेछ।

५०. **संयुक्त उपक्रम (जोइन्ट भेन्चर) वा लगानीमा सहकार्य:** कोषले आयोजनाको स्रोत व्यवस्थापन र लगानी परिचालनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय संस्था वा स्वदेशी वा विदेशी लगानीकर्तासँग संयुक्त उपक्रमको कुनै संस्था वा सहायक कम्पनी स्थापना गर्न वा लगानीमा सहकार्य गर्न सक्नेछ।

५१. **समितिको संरचनामा हेरफेर:** दफा ८ बमोजिम शेयर पुँजीको संरचनामा हेरफेर वा परिवर्तन भएमा जुन अनुपातमा शेयर पुँजीको संरचनामा हेरफेर वा परिवर्तन भएको हो सोही अनुपातमा नेपाल सरकार, मन्त्रिपरिषद्ले समितिको गठनविधिमा हेरफेर वा परिवर्तन हुने निर्णय गरी कोषलाई जानकारी दिनु पर्नेछ।

५२. **कोषलाई निर्देशन दिन सक्ने:** (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यकता अनुसार कोषलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ।

५३. **नेपाल सरकारसँग सम्पर्क:** कोषले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

५४. **आवश्यक हेरफेर सहित प्रचलित कानूनको व्यवस्था लागू हुने:** यस ऐनमा लेखिएका विषयको हकमा यसै ऐन बमोजिम र अन्य विषयको हकमा कम्पनी सम्बन्धी र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित लागू हुनेछ।

५५. **मुद्दा चलाउन बाधा नपर्ने:** यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

५६. **नियम बनाउने अधिकार:** नेपाल सरकार, मन्त्रिपरिषद्ले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ।

५७. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही कोषले आवश्यकता अनुसार कार्य सञ्चालन निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि वा मापदण्ड प्रारम्भ हुनुअघि सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु गर्नेछ।

५८. **<u>ऐन कार्यान्वयन मापनः</u>** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको मितिले एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्ष पूरा भएको मितिले एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गरी सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नेछ।

# व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम "वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१" राखिएको छ। कुनै पनि ऐन लागू गर्नुअघि त्यसको कार्यान्वयनका लागि आवश्यक संरचनात्मक व्यवस्था, नियमावली, कार्यविधि, निर्देशिका तयार गर्नुपर्ने र वैकल्पिक वित्त परिचालनसँग सम्बन्धित संस्थागत संरचना स्थापनाका लागि पूर्वतयारी आवश्यक हुने भएकोले प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि लागू हुने व्यवस्था प्रस्ताव गरिएको छ। यसले कार्यान्वयनमा आउनुअघि सरोकारवालाहरूलाई तयारी गर्न पर्याप्त समय पनि प्रदान गर्नेछ। |
| २ | परिभाषा | ऐनमा प्रयोग भएका प्रमुख शब्दावलीहरूको स्पष्ट परिभाषा दिनु कानूनी स्पष्टता र निश्चितताका लागि अत्यावश्यक हुन्छ। यस ऐनमा वैकल्पिक विकास वित्त, आयोजना, कोष, ऋणपत्र जस्ता विशिष्ट शब्दावलीहरूको प्रयोग भएकोले तिनीहरूको एकरूप बुझाइ सुनिश्चित गर्न, कानूनी विवाद न्यूनीकरण गर्न तथा ऐनको उद्देश्य र मनसाय स्पष्ट पार्न परिभाषाहरू समावेश गरिएका छन्। परिभाषित शब्दावलीले ऐनको कार्यान्वयनमा सहजता ल्याउनुका साथै कानूनी व्याख्या र प्रयोगमा एकरूपता |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | कायम गर्न मद्दत पुऱ्याउँछ। |
| ३ | वैकल्पिक विकास वित्त परिचालन | मुलुकको आर्थिक विकासका लागि पारम्परिक वित्त स्रोत मात्र पर्याप्त नहुने र वर्तमान पूर्वाधार विकासको खाडल पूर्ति गर्न थप स्रोत आवश्यक हुने तथ्यलाई मध्यनजर गरी नवीन वित्तीय उपकरणहरूको माध्यमबाट पूँजी परिचालन गर्ने व्यवस्था गरिएको छ। यसअन्तर्गत ऋणपत्र, स्वपुंजी कोष, विप्रेषण कोष, सम्पत्ति मौद्रिकीकरण जस्ता वैकल्पिक वित्तीय उपकरणहरूको उपयोग गरी आयोजना पहिचान, अध्ययन, विकास र कार्यान्वयनका लागि स्रोत जुटाउने लक्ष्य राखिएको छ। यी उपकरणहरूले पारम्परिक बैंकिङ प्रणालीमा मात्र निर्भर नरही पुँजी बजार र अन्तर्राष्ट्रिय स्रोतको परिचालन गर्न सहज बनाउनेछन्। |
| ४ | वैकल्पिक विकास वित्त प्रयोगको क्षेत्र र आयोजना | राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरूमा वैकल्पिक विकास वित्तको लक्षित उपयोग सुनिश्चित गर्न स्पष्ट क्षेत्र निर्धारण गरिएको छ। यसमा ऊर्जा विकास, विद्युत प्रसारण, सडक, रेलमार्ग, विमानस्थल, औद्योगिक पार्क, विशेष आर्थिक क्षेत्र, सूचना प्रविधि तथा पर्यटन पूर्वाधार जस्ता क्षेत्रहरू समावेश गरिएका छन्। यसले स्रोतको प्रभावकारी र लक्षित उपयोग सुनिश्चित गर्न, आर्थिक विकासका मुख्य क्षेत्रहरूलाई प्राथमिकतामा राख्न र मुलुकको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | दीर्घकालीन विकास योजनासँग तादात्म्य कायम गर्न मद्दत पुऱ्याउनेछ। साथै, सार्वजनिक-निजी साझेदारी अन्तर्गतका आयोजनाहरूमा समेत लगानी केन्द्रित गरिनेछ। |
| ५ | वैकल्पिक विकास वित्त लगानी नगरिने आयोजना | बैकल्पिक विकास वित्तको प्रभावकारिता र उद्देश्य प्राप्तिका लागि स्पष्ट सीमाङ्कन आवश्यक छ। यस दफामा वैकल्पिक विकास वित्त लगानी नगरिने आयोजनाहरूको स्पष्ट उल्लेख गरिएको छ। यसमा एक अर्ब रुपैयाँभन्दा कम लागत अनुमान भएका, वित्तीय प्रतिफल न्यून रहने अनुमान भएका, धितो राख्न नसक्ने आयोजना तथा स्वार्थ बाझिने आयोजनाहरू उल्लेख गरिएका छन्। यस प्रावधानले लगानीको प्राथमिकीकरण, जोखिम न्यूनीकरण, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी कोषको दीर्घकालीन दिगोपना कायम राख्न मद्दत गर्नेछ। साथै, यसले कोषको सीमित स्रोतको उच्चतम प्रतिफल सुनिश्चित गर्न सघाउ पुऱ्याउनेछ। |
| ६ | वैकल्पिक विकास वित्त कोषको स्थापना | वैकल्पिक विकास वित्त परिचालन र व्यवस्थापनका लागि एक विशिष्ट संस्थागत संरचनाको आवश्यकता भएकोले यस दफामा वैकल्पिक विकास वित्त कोषको स्थापना गरिएको छ। कोषको मुख्य कार्यालय काठमाडौं उपत्यकामा राखिएको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | छ, जसबाट केन्द्रीय नीति निर्माण र वित्तीय संस्थाहरूसँग सहज समन्वय गर्न सहज हुनेछ। साथै, आवश्यकता अनुसार नेपालभित्र वा नेपालबाहिर शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न सक्ने प्रावधानले कोषको कार्यक्षेत्र विस्तार र अन्तर्राष्ट्रिय वित्त स्रोतसँग सहकार्य गर्न सहज बनाउनेछ। यसले गर्दा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूसँगको सम्पर्क र समन्वय प्रभावकारी हुनेछ। |
| ७ | कोष स्वशासित सङ्गठित संस्था हुने | कोषको संचालनमा स्वायत्तता र लचिलोपन प्रदान गर्न एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र कानूनी व्यक्तित्व प्राप्त संगठित संस्थाको रूपमा स्थापना गरिएको छ। यसले कोषलाई कानूनी व्यक्तिको हैसियतले सम्पत्ति आर्जन गर्न, सम्झौता गर्न, कारोबार गर्न र मुद्दा मामिला गर्न सक्ने अधिकार प्रदान गर्दछ। स्वशासित संस्थाको रूपमा स्थापना गर्दा निर्णय प्रक्रियामा तीव्रता, कार्यान्वयनमा प्रभावकारिता र दक्षता अभिवृद्धि हुने अपेक्षा गरिएको छ। यस प्रावधानले सरकारी निकायको जटिल निर्णय प्रक्रियाबाट मुक्त राखी व्यावसायिक सिद्धान्तमा आधारित संचालन सुनिश्चित गर्दछ। |
| ८ | कोषको पुंजीगत संरचना | कोषको अधिकृत पुँजी एक खर्ब रुपैयाँ र चुक्ता पुँजी पच्चीस अर्ब रुपैयाँ निर्धारण |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | गरिएको छ। कोषमा नेपाल सरकार, अवकाश कोषहरू, बीमा कम्पनीहरू लगायतका संस्थाहरूको स्वामित्व रहनेछ। यस प्रावधानले कोषलाई पर्याप्त वित्तीय क्षमता प्रदान गर्न, जोखिम न्यूनीकरण गर्न र ठूला परियोजनाहरूमा लगानी गर्न सक्षम बनाउँछ। यसमा नेपाल सरकारको कम्तीमा ५१ प्रतिशत शेयर स्वामित्व रहने व्यवस्थाले सरकारी नियन्त्रण कायम राखी सार्वजनिक हितलाई प्राथमिकता दिन सहयोग पुऱ्याउनेछ। साथै, निजी क्षेत्रको सहभागिताले कोषमा व्यावसायिकता र कुशल संचालन सुनिश्चित गर्नेछ। यो मिश्रित स्वामित्व मोडेलले सार्वजनिक र निजी क्षेत्रको सबल पक्षहरूको उपयोग गर्न मद्दत गर्नेछ। |
| ९ | कोषको काम र कर्तव्य | कोषको कार्यक्षेत्र, काम र कर्तव्यलाई स्पष्ट परिभाषित गरिएको छ। यस दफामा मुलुकको आर्थिक विकास, रोजगारी प्रवर्द्धन र उच्च आर्थिक प्रतिफल दिने पूर्वाधार आयोजनामा वित्तीय लगानी गर्ने, ऋणपत्र जारी गर्ने, विदेशी पुँजी बजारमा लगानी जुटाउने, जमानत प्रदान गर्ने, सहायक कम्पनी स्थापना गर्ने लगायतका कामहरू तोकिएका छन्। यी प्रावधानहरूले कोषको कार्यक्षेत्र, जिम्मेवारी र लक्ष्य स्पष्ट पार्न, संगठनात्मक अनुशासन कायम राख्न र जवाफदेहिता सुनिश्चित गर्न सहयोग |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | पुऱ्याउनेछन्। यसमा परिचालन हुने वैकल्पिक विकास वित्तको प्रकृति र क्षेत्रहरू समेत स्पष्ट भएकोले कोषले आफ्नो कार्य संचालनमा दिशानिर्देश प्राप्त गर्नेछ। |
| १० | सञ्चालक समिति | कोषको प्रभावकारी व्यवस्थापन र संचालनका लागि एक सञ्चालक समितिको व्यवस्था गरिएको छ। समितिमा अर्थ मन्त्रालयका सचिव अध्यक्ष, पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका इन्जिनियरिङ सेवाका सहसचिवहरू, शेयरधनी संस्थाहरूका प्रतिनिधि र स्वतन्त्र विशेषज्ञ समेत रहनेछन्। यस संरचनाले सरकारी, निजी र विशेषज्ञ क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गरी संतुलित र समावेशी निर्णय प्रक्रिया सुनिश्चित गर्नेछ। सञ्चालक समितिमा पूर्वाधार विकास क्षेत्रका विशेषज्ञहरूको समावेश गर्दा तकनिकी र व्यावसायिक पक्षलाई समेत ध्यान दिइनेछ, जसले गुणस्तरीय निर्णय प्रक्रियालाई सघाउ पुऱ्याउनेछ। |
| ११ | सञ्चालकको योग्यता | स्वतन्त्र विशेषज्ञ सञ्चालकको पदमा नियुक्त हुने व्यक्तिको न्यूनतम योग्यता र अनुभव स्पष्ट रूपमा तोकिएको छ। यसमा अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, विकास अध्ययन, कानून, इन्जिनियरिङ वा वित्त विश्लेषण विषयमा कम्तीमा स्नातकोत्तर उपाधि र सम्बन्धित क्षेत्रमा |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | विशिष्ट अनुभव आवश्यक हुने व्यवस्था गरिएको छ। यो प्रावधानले कोषको सञ्चालक समितिमा उच्च योग्यता, दक्षता र अनुभव भएका विशेषज्ञहरूको नियुक्ति सुनिश्चित गर्दछ, जसले गर्दा कोषको नीति निर्माण र निर्णय प्रक्रियामा व्यावसायिकता, विषयगत ज्ञान र दूरदृष्टि समाहित हुन्छ। उच्च योग्यता र अनुभव भएका व्यक्तिहरूको संलग्नताले कोषको प्रभावकारी संचालन र लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। |
| १२ | सञ्चालकको अयोग्यता र पद रिक्त हुने अवस्था | स्वतन्त्र विशेषज्ञ सञ्चालकको अयोग्यता र पद रिक्त हुने अवस्थाहरू स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसमा भ्रष्टाचार, जालसाजी, कीर्ते, ठगी, चोरी लगायतका नैतिक पतन देखिने फौजदारी कसूरमा दोषी ठहरिएको, कोषसँग स्वार्थ बाझिने अवस्था भएको वा कालोसूचीमा परेको व्यक्ति अयोग्य हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको सञ्चालक समितिमा उच्च नैतिकता, इमान्दारिता र व्यावसायिक सत्यनिष्ठा भएका व्यक्तिहरूको मात्र नियुक्ति सुनिश्चित गर्दछ। साथै, पद रिक्त हुने स्पष्ट आधारहरू तोकिएकाले संस्थागत स्थायित्व र निरन्तरता कायम राख्न मद्दत पुग्नेछ। सञ्चालकको स्वार्थ बाझिने अवस्थामा नियन्त्रण गर्ने प्रावधानले पारदर्शिता र सुशासन प्रवर्द्धन गर्नेछ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १३ | समितिको बैठक सम्बन्धी कार्यविधि | सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि, बैठकको आयोजना, सूचना, अध्यक्षता, गणपूरक संख्या र निर्णय प्रक्रिया लगायतका विषयहरू स्पष्ट रूपमा निर्धारण गरिएको छ। यसले समितिको काम कारबाही व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मद्दत गर्नेछ। श्रव्य-दृश्य माध्यमबाट बैठकमा सहभागी हुन सक्ने व्यवस्थाले प्राविधिक सुविधाको उच्चतम उपयोग गर्न र बैठकको निरन्तरता सुनिश्चित गर्न सघाउ पुर्‍याउँछ। यी प्रावधानहरूले समितिको संचालनमा स्पष्टता, अनुशासन र कार्यकुशलता कायम राख्न सहयोग गर्नेछन्। बैठकमा स्वार्थ बाझिने विषयमा सहभागिता निषेध गर्ने प्रावधानले पारदर्शिता र नैतिकता सुनिश्चित गर्नेछ। |
| १४ | सञ्चालक समितिको काम, कर्तव्य र अधिकार | सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरू विस्तृत रूपमा उल्लेख गरिएको छ। यसमा कोषको नीति, कार्यक्रम र योजना स्वीकृत गर्ने, नीतिगत निर्देशन दिने, लगानी स्वीकृत गर्ने, आयोजनाको अध्ययन तथा मूल्याङ्कन गर्ने, संस्थागत सुशासन कायम गर्ने लगायतका अधिकारहरू समावेश छन्। यी प्रावधानहरूले समितिको भूमिका, जिम्मेवारी र अधिकार क्षेत्र स्पष्ट पार्दै कोषको संचालनमा निर्देशक, नियामक र निरीक्षक |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | भूमिका सुनिश्चित गर्छन्। समितिलाई प्रदान गरिएका अधिकारहरूले कोषको उद्देश्य प्राप्तिमा प्रभावकारी नेतृत्व र मार्गदर्शन प्रदान गर्नेछन्। यसका साथै, संस्थागत जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न समेत मद्दत पुग्नेछ। |
| १५ | जानकारी गराउनु पर्ने | सञ्चालकले आफू नियुक्त भएको तीस दिनभित्र आफ्नो र परिवारका सदस्यको विवरण, कोषमा शेयर भए नभएको, स्वार्थ बाझिने अवस्था भए नभएको जस्ता विषयहरू जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ। यो प्रावधानले पारदर्शिता, व्यावसायिक नैतिकता र स्वार्थको द्वन्द्व (conflict of interest) को व्यवस्थापन सुनिश्चित गर्दछ। स्वार्थ बाझिने विषयको छलफल र निर्णयमा सहभागी हुन नपाउने व्यवस्थाले निष्पक्ष र वस्तुनिष्ठ निर्णय प्रक्रिया सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यस प्रावधानले कोषप्रति जनविश्वास अभिवृद्धि गर्न, संस्थागत सुशासन कायम राख्न र सञ्चालकहरूको व्यक्तिगत र संस्थागत व्यावसायिक नैतिकता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। |
| १६ | सञ्चालकको जिम्मेवारी, जवाफदेहिता | सञ्चालकहरूको व्यक्तिगत तथा सामूहिक जिम्मेवारी र जवाफदेहिता स्पष्ट रूपमा तोकिएको छ। बदनियत वा लापरबाहीले कोषलाई हानि नोक्सानी पुऱ्याएमा त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा जवाफदेही हुने |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | व्यवस्था गरिएको छ। यस प्रावधानले सञ्चालकहरूलाई उत्तरदायी बनाउन, कोषको हितमा काम गर्न प्रेरित गर्न र कानूनी जिम्मेवारी बोध गराउन सहयोग पुऱ्याउँछ। यसले संस्थागत सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै कोषको व्यावसायिक सत्यनिष्ठा र अखण्डता सुनिश्चित गर्न योगदान पुऱ्याउँछ। व्यक्तिगत जवाफदेहिताको प्रावधानले सञ्चालकहरूलाई आफ्नो निर्णय र कार्यप्रति अझ बढी सजग र सचेत बनाउँछ। |
| १७ | उपसमिति वा कार्यदल गठन गर्न सक्ने | समितिले आवश्यकता अनुसार लेखापरीक्षण उपसमिति, लगानी उपसमिति, जोखिम न्यूनीकरण उपसमिति लगायतका उपसमितिहरू वा कार्यदल गठन गर्न सक्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको कार्य संचालनमा विशेषज्ञता, दक्षता र प्रभावकारिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ। विभिन्न उपसमितिहरूको माध्यमबाट विशिष्ट विषयहरूमा विस्तृत अध्ययन, विश्लेषण र सिफारिस प्राप्त गरी समितिको निर्णय प्रक्रियालाई सूचित र प्रभावकारी बनाउन सकिन्छ। यसले समितिको कार्यबोझ व्यवस्थापन, कार्य विशेषज्ञता प्रवर्द्धन र कार्यकुशलता अभिवृद्धि गर्न मद्दत गर्दछ। उपसमितिहरूको माध्यमबाट जोखिम |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | व्यवस्थापन, लगानी विश्लेषण र लेखापरीक्षण जस्ता महत्त्वपूर्ण कार्यहरू अझ प्रभावकारी हुनेछन्। |
| १८ | कोषको सङ्गठन संरचना | कोषको संगठन संरचना, कर्मचारी व्यवस्थापन, पारिश्रमिक र सेवाका सर्तहरू सम्बन्धी व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको दैनिक प्रशासन र कार्य संचालनलाई व्यवस्थित, कुशल र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। सरकारी तथा करार सेवाका कर्मचारीहरूको मिश्रित व्यवस्थाले सार्वजनिक क्षेत्रको अनुभव र निजी क्षेत्रको व्यावसायिकता दुवैको लाभ लिन सकिन्छ। संगठन संरचना र कर्मचारी व्यवस्थापनको लचिलो प्रावधानले कोषलाई आवश्यकता अनुसार दक्ष, योग्य र अनुभवी जनशक्ति नियुक्त गर्न र उत्कृष्ट प्रतिभाहरूलाई आकर्षित गर्न सहयोग पुऱ्याउँछ, जसले कोषको संस्थागत क्षमता अभिवृद्धि गर्नेछ। |
| १९ | प्रमुख कार्यकारी अधिकृत | कोषको दैनिक प्रशासन, संचालन र कार्यसम्पादनका लागि एक प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरिएको छ। योग्यता, अनुभव, नियुक्ति प्रक्रिया, कार्यअवधि, पारिश्रमिक र अवकाश सम्बन्धी विस्तृत व्यवस्था गरिएको छ। यो प्रावधानले कोषको नेतृत्वमा उच्च योग्यता, दक्षता र अनुभव भएको व्यक्ति |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- |
| | | नियुक्त गर्न, व्यावसायिक नेतृत्व सुनिश्चित गर्न र संस्थागत सुशासन कायम राख्न सहयोग पुऱ्याउँछ। पारदर्शी र प्रतिस्पर्धात्मक नियुक्ति प्रक्रियाले योग्य र सक्षम व्यक्तिको चयन सुनिश्चित गर्दछ भने अयोग्यताका स्पष्ट मापदण्डहरूले संस्थागत सत्यनिष्ठा र नैतिकता प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछन्। यसका साथै, कार्यसम्पादन मूल्याङ्कनको व्यवस्थाले जवाफदेहिता र प्रभावकारिता सुनिश्चित गर्न मद्दत गर्दछ। |
| २० | प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार | प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारहरू स्पष्ट रूपमा तोकिएको छ। यसमा समितिको बैठकका लागि प्रस्ताव तयार गर्ने, लगानी स्वीकृतिका लागि प्रस्ताव पेस गर्ने, बजेट तथा योजना तयार गर्ने, अनुगमन गर्ने लगायतका कार्यहरू समावेश छन्। यस प्रावधानले प्रमुख कार्यकारी अधिकृतको भूमिका, जिम्मेवारी र अधिकार क्षेत्र स्पष्ट पार्दै कोषको दैनिक संचालनमा प्रभावकारी नेतृत्व सुनिश्चित गर्छ। प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएका जिम्मेवारी र अधिकारहरूले निजको कार्यसम्पादनको मापन गर्न, जवाफदेहिता निर्धारण गर्न र कार्यकुशलता मूल्याङ्कन गर्न सहज बनाउँछन्। यसले संस्थागत प्रशासन चुस्त, दुरुस्त र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २१ | कार्यसम्पादन करार गर्नु पर्ने | प्रमुख कार्यकारी अधिकृत र समितिबीच वार्षिक कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था गरिएको छ। यसमा प्रमुख कार्यकारी अधिकृतले एक वर्षभित्र सम्पादन गर्नुपर्ने कार्यविवरण, जिम्मेवारी, अपेक्षित उपलब्धि र कार्यसम्पादन मापनका सूचकहरू समावेश गर्नुपर्ने प्रावधान छ। यस व्यवस्थाले प्रमुख कार्यकारी अधिकृतलाई उच्च उपलब्धि हासिल गर्न प्रोत्साहित गर्दै परिणाममुखी कार्यसंस्कृति विकास गर्न सहयोग पुऱ्याउँछ। कार्यसम्पादन करारको स्वतन्त्र मूल्याङ्कनको व्यवस्थाले वस्तुनिष्ठता र विश्वसनीयता सुनिश्चित गर्दछ। यसले प्रमुख कार्यकारी अधिकृतलाई जवाफदेही बनाउन, परिणाम प्राप्तिमा केन्द्रित गर्न र लक्ष्य हासिल गर्न प्रेरित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। |
| २२ | आयोजनामा लगानी गर्न सक्ने | कोषले आयोजनामा लगानी गर्न सक्ने विभिन्न माध्यमहरू स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसमा शेयर खरिद गरी स्वपुँजी प्रवाह, ऋण प्रवाह, स्वपुँजी र ऋण दुवै लगानी, विशिष्ट जमानत प्रदान आदि समावेश छन्। यस प्रावधानले कोषलाई आयोजनाको प्रकृति र आवश्यकता अनुसार उपयुक्त लगानी मोडल छनौट गर्न लचिलोपन प्रदान गर्दछ। विभिन्न लगानी उपकरणहरूको प्रयोगले विभिन्न |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | प्रकृतिका आयोजनाहरूमा लगानी गर्न, जोखिम व्यवस्थापन गर्न र प्रतिफल अधिकतम गर्न सहयोग पुऱ्याउँछ। नेपाल राष्ट्र बैंकको नियमन र अनुगमनको व्यवस्थाले वित्तीय स्थायित्व र अनुशासन कायम राख्न सहयोग गर्नेछ। |
| २३ | आयोजनाको अध्ययन गर्नु पर्ने | कोषले लगानी गर्नुअघि आयोजनाको समग्र आर्थिक तथा वित्तीय सबलता, प्रतिफलको सम्भाव्यता, रोजगारी सिर्जना क्षमता लगायतका पक्षहरूमा अध्ययन गर्नुपर्ने व्यवस्था गरिएको छ। यो प्रावधानले कोषको लगानीलाई तथ्यपरक, वैज्ञानिक र विश्लेषणमा आधारित बनाउन, जोखिमको मूल्याङ्कन गर्न र सुरक्षित लगानी सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। विस्तृत अध्ययन र जोखिम मूल्याङ्कनको व्यवस्थाले लगानीको सुरक्षा, प्रतिफलको निश्चितता र आयोजनाको दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न मद्दत गर्दछ। यसले संस्थागत सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै विवेकशील लगानी निर्णय गर्न सघाउ पुऱ्याउँछ। |
| २४ | आयोजना कार्यान्वयनका शर्त | आयोजनाले लगानी प्राप्त गर्नुअघि पूरा गर्नुपर्ने प्रतिबद्धताहरू र आयोजना कार्यान्वयनको क्रममा पालना गर्नुपर्ने शर्तहरू स्पष्ट रूपमा तोकिएका छन्। यसमा वातावरणीय मापदण्डको पालना, संस्थागत सुशासन, जोखिम विश्लेषण, |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | मूल्याङ्कन संयन्त्र जस्ता विषयहरू समावेश छन्। यी प्रावधानहरूले आयोजनाको गुणस्तर, दिगोपना र प्रभावकारिता सुनिश्चित गर्न, वातावरणीय सुरक्षा प्रवर्द्धन गर्न र सामाजिक प्रभावलाई सम्बोधन गर्न सहयोग पुऱ्याउँछन्। शर्तहरूको पालनाले आयोजना कार्यान्वयनमा अनुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै लगानीको सुरक्षा र प्रतिफलको निश्चितता बढाउन सघाउ पुऱ्याउँछ। यसले राष्ट्रिय हित, सार्वजनिक सरोकार र दिगो विकासको सन्तुलन कायम राख्न मद्दत गर्दछ। |
| २५ | जमानत दिन सक्ने | कोषले आवश्यकता अनुसार आयोजनाहरूलाई जमानत प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ। जमानत दिन योग्य आयोजनाको मापदण्ड, जमानत प्रदान गर्ने प्रक्रिया र अभिलेखीकरण सम्बन्धी विस्तृत प्रावधान समावेश गरिएको छ। यस व्यवस्थाले आयोजनाहरूलाई वित्तीय संस्थाहरूबाट ऋण प्राप्त गर्न, अन्तर्राष्ट्रिय वित्तीय स्रोत जुटाउन र लगानीकर्ताहरूको विश्वास आर्जन गर्न सहयोग पुऱ्याउँछ। जमानत व्यवस्थापन सम्बन्धी स्पष्ट प्रावधानहरूले पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन कायम राख्दै जमानतको दुरुपयोग रोक्न मद्दत गर्दछन्। यसले आयोजनाहरूको वित्तीय पहुँच बढाउन, |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | वित्त परिचालनलाई सहजीकरण गर्न र विकासको गति तीव्र पार्न योगदान पुऱ्याउँछ। |
| २६ | लगानी रकम फिर्ता माग गर्न वा रोक्का गर्न सक्ने | कोषले निश्चित अवस्थाहरूमा प्रवाह गरेको लगानी रकम फिर्ता माग गर्न वा भुक्तानी रोक्का गर्न सक्ने प्रावधान गरिएको छ। यस्ता अवस्थाहरूमा लगानीको शर्त पालना नगरेमा, रकम अन्यत्र प्रयोग गरेमा, झुट्टा विवरण दिएमा आदि पर्दछन्। यस प्रावधानले कोषको लगानीको सुरक्षा सुनिश्चित गर्न, दुरुपयोग रोक्न र ऋणीहरूलाई अनुशासित बनाउन सहयोग पुऱ्याउँछ। लगानी रकम असुली सम्बन्धी स्पष्ट प्रावधानहरूले कोषको वित्तीय स्थायित्व, दिगोपना र जोखिम व्यवस्थापन सुनिश्चित गर्न योगदान पुऱ्याउँछन्। आयोजना नियन्त्रणमा लिने र अर्को संस्थालाई हस्तान्तरण गर्न सक्ने प्रावधानले लगानीको निरन्तरता र आयोजनाको कार्यान्वयन सुनिश्चित गर्न सहयोग गर्दछ। |
| २७ | धितो र त्यसको परिणाम | कोषले ऋण लगानी गर्दा वा जमानत दिंँदा धितो लिनुपर्ने र त्यस्तो धितोमा कोषको पहिलो अधिकार हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको लगानी सुरक्षित गर्न, जोखिम न्यूनीकरण गर्न र असुली प्रक्रियालाई सहज बनाउन सहयोग पुऱ्याउँछ। धितोमा कोषको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | पहिलो अधिकार सुनिश्चित गर्ने व्यवस्थाले ऋण असुलीको प्राथमिकता स्थापित गरी कोषको वित्तीय सुरक्षा प्रदान गर्दछ। सहवित्तीयकरणको अवस्थामा समान स्थिति रहने प्रावधानले बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्य र साझेदारी प्रवर्द्धन गर्न सहयोग गर्दछ। यसले कोषको लगानी जोखिम व्यवस्थापन, वित्तीय स्थायित्व र दिगोपना सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। |
| २८ | सरकारी ऋणपत्र सरह व्यवहार गरिने | कोषले जारी गरेको ऋणपत्रलाई सरकारी ऋणपत्र सरह व्यवहार गरिने प्रावधान गरिएको छ। यसले कोषद्वारा जारी गरिएका वित्तीय उपकरणहरूलाई धितोपत्र बजारमा सूचीकृत गर्न, दोस्रो बजारमा कारोबार गर्न र बैंक तथा वित्तीय संस्थाहरूलाई निर्दिष्ट क्षेत्रगत कर्जामा गणना गर्न सक्ने सुविधा प्रदान गर्दछ। यस व्यवस्थाले कोषका वित्तीय उपकरणहरूको आकर्षण र तरलता बढाउन, बजार विश्वास स्थापित गर्न र लगानीकर्ताहरूलाई आकर्षित गर्न सहयोग पुऱ्याउँछ। यसबाट कोषले अधिक रकम परिचालन गर्न, कम लागतमा पुँजी जुटाउन र वित्तीय उपकरणहरूको प्रभावकारिता अभिवृद्धि गर्न सक्षम हुनेछ। यो प्रावधानले वैकल्पिक वित्त परिचालनको उद्देश्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २९ | लगानीकर्तालाई छुट, सुविधा वा सहुलियत दिन सकिने | कोषले जारी गरेका वित्तीय उपकरणहरूमा लगानी गर्ने व्यक्ति वा संस्थालाई कर छुट तथा अन्य सहुलियत प्रदान गर्न सकिने व्यवस्था गरिएको छ। यसमा विदेशी पुँजी बजारमा जारी गरिने उपकरण र हरित क्षेत्रका आयोजनाहरूलाई विशेष छुट दिन सकिने प्रावधान समेत रहेको छ। यस व्यवस्थाले लगानीकर्ताहरूलाई कोषका वित्तीय उपकरणहरूमा लगानी गर्न प्रोत्साहित गर्न, अधिक पुँजी आकर्षित गर्न र वैकल्पिक वित्त परिचालनलाई सहजीकरण गर्न सहयोग पुऱ्याउँछ। हरित क्षेत्रका आयोजनाहरूलाई विशेष प्राथमिकता दिने प्रावधानले वातावरण मैत्री, दिगो र नवीकरणीय ऊर्जा क्षेत्रको विकासमा योगदान पुऱ्याउँछ। यसबाट स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको सहभागिता बढ्ने र पुँजी बजारको विकास हुने अपेक्षा गरिएको छ। |
| ३० | दस्तुरमा छुट दिन सकिने | कोषले आयोजनामा लगानी गर्दा लिएको धितोको रजिष्ट्रेशन पारित गर्दा लाग्ने दस्तुर र धितो फुकुवा गर्दा लाग्ने दस्तुरमा छुट दिन सकिने व्यवस्था गरिएको छ। यस प्रावधानले लगानीको लागत घटाउन, प्रशासनिक प्रक्रियालाई सहज बनाउन र लगानीकर्ताहरूलाई प्रोत्साहित गर्न सहयोग पुऱ्याउँछ। दस्तुरमा छुटले आयोजनाको लागत कम |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | गरी प्रतिस्पर्धात्मकता बढाउन, कार्यान्वयन प्रक्रियालाई तीव्रता दिन र वैकल्पिक वित्त परिचालनलाई आकर्षक बनाउन योगदान पुऱ्याउँछ। यसबाट कोषको लगानी प्रक्रिया सहज हुने, आयोजनाको लागत कम हुने र लगानी वातावरण सुधार हुने अपेक्षा गरिएको छ। |
| ३१ | कोषमा रहने रकम | कोषमा जम्मा हुने रकमको स्रोत र खाता सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ। यसमा शेयर बिक्री, ऋणपत्र जारी, नेपाल सरकारबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट प्राप्त हुने ऋण वा अनुदान आदि स्रोतहरू उल्लेख गरिएका छन्। यस प्रावधानले कोषको वित्तीय स्रोतको स्पष्ट पहिचान, पारदर्शी व्यवस्थापन र प्रभावकारी उपयोग सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। नेपाली रुपैयाँ र विदेशी मुद्राको छुट्टाछुट्टै खाता राख्ने व्यवस्थाले वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दछ। यसबाट कोषको स्रोत परिचालन, व्यवस्थापन र प्रतिवेदन प्रणाली व्यवस्थित र पारदर्शी हुनेछ। |
| ३२ | अन्य कोष | वैकल्पिक वित्त परिचालनका लागि प्रत्येक वित्तीय उपकरणको लागि छुट्टाछुट्टै कोष स्थापना गर्ने र त्यसको लेखा छुट्टाछुट्टै राख्ने व्यवस्था गरिएको छ। यस प्रावधानले वित्तीय उपकरणहरूको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | व्यवस्थापन, अनुगमन र मूल्याङ्कन प्रभावकारी बनाउन, स्रोतको उचित उपयोग सुनिश्चित गर्न र वित्तीय पारदर्शिता कायम राख्न सहयोग पुऱ्याउँछ। छुट्टाछुट्टै कोषको व्यवस्थाले हरेक वित्तीय उपकरणको प्रदर्शन, प्रतिफल र प्रभावकारिता मूल्याङ्कन गर्न सहज बनाउँदछ। यसबाट वित्तीय उपकरणहरूको विशिष्ट आवश्यकता अनुसार व्यवस्थापन, लगानी र अनुगमन गर्न सकिने र स्रोतको दुरुपयोग रोक्न सहयोग पुग्नेछ। |
| ३३ | साधारण जगेडा कोष तथा स्वतन्त्र जगेडा कोष स्थापना गर्नु पर्ने | कोषको खुद मुनाफाबाट साधारण जगेडा कोष र स्वतन्त्र जगेडा कोष स्थापना गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको वित्तीय स्थायित्व, जोखिम व्यवस्थापन र दीर्घकालीन दिगोपना सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। जगेडा कोषहरूले विपद् व्यवस्थापन, अप्रत्याशित नोक्सानी पूर्ति र भविष्यको लगानी विस्तारका लागि वित्तीय सुरक्षा प्रदान गर्दछन्। जगेडा कोषबाट बोनस शेयर जारी गर्न सकिने व्यवस्थाले शेयरधनीहरूलाई थप प्रतिफल प्रदान गर्न र कोषको पुँजी आधार सुदृढ गर्न सहयोग पुऱ्याउँछ। यसबाट कोषको वित्तीय सबलता, स्थायित्व र दिगोपना अभिवृद्धि हुने अपेक्षा गरिएको छ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ३४ | लाभांश वितरण गर्नु पर्ने | कोषले आर्जन गरेको खुद मुनाफाबाट अघिल्लो वर्षको नोक्सानी पूर्ति र जगेडा कोषमा रकम जम्मा गरिसकेपछि बाँकी रहेको रकमबाट शेयरधनीहरूलाई लाभांश वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले शेयरधनीहरूको लगानीमा प्रतिफल सुनिश्चित गर्न, लगानीकर्ताहरूलाई आकर्षित गर्न र कोषको स्वामित्व संरचनालाई सुदृढ गर्न सहयोग पुऱ्याउँछ। पारदर्शी र नियमित लाभांश वितरणको व्यवस्थाले कोषप्रति शेयरधनीहरूको विश्वास अभिवृद्धि गर्न र थप पुँजी जुटाउन सहज बनाउँछ। यसबाट कोषको पुँजी बजारमा प्रतिष्ठा बढ्ने र दीर्घकालीन स्थायित्व सुनिश्चित हुने अपेक्षा गरिएको छ। |
| ३५ | वित्तीय पारदर्शिता | कोषले प्रत्येक तीन महिनामा आफ्नो वित्तीय विवरण तयार गरी नेपाल सरकार र शेयरधनीलाई उपलब्ध गराउनुपर्ने र वेबसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ। नियमित वित्तीय प्रतिवेदन र सार्वजनिकीकरणको व्यवस्थाले शेयरधनी, लगानीकर्ता र सरोकारवालाहरूलाई कोषको वित्तीय अवस्थाबारे सूचित राख्न र निगरानी गर्न सक्षम बनाउँछ। यसबाट वित्तीय |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | अनुशासन, विश्वसनीयता र जवाफदेहिता प्रवर्द्धन भई कोषप्रति सार्वजनिक विश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ। |
| ३६ | कोषको लेखा | कोषले अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप दोहोरो लेखाप्रणालीमा आधारित भई लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको वित्तीय कारोबारको वास्तविक अभिलेख, पारदर्शिता र वित्तीय अनुशासन सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। दोहोरो लेखाप्रणालीको प्रयोगले वित्तीय विवरणको शुद्धता, विश्वसनीयता र तुलनात्मकता सुनिश्चित गर्दछ। प्रत्येक वित्तीय उपकरणको छुट्टाछुट्टै लेखा राख्ने व्यवस्थाले वित्तीय उपकरणहरूको प्रदर्शन, प्रतिफल र प्रभावकारिता मूल्याङ्कन गर्न सहज बनाउँछ। अङ्ग्रेजी भाषामा र विद्युतीय माध्यममा समेत लेखा राख्ने व्यवस्थाले अन्तर्राष्ट्रिय मापदण्डको पालना र प्रविधिको उपयोग सुनिश्चित गर्दछ। |
| ३७ | वित्तीय प्रतिवेदन पेश गर्नु पर्ने | कोषले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो र अन्य कोषको एकीकृत वित्तीय प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको वित्तीय जवाफदेहिता, पारदर्शिता र नियमित प्रतिवेदन सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। समयमै एकीकृत वित्तीय प्रतिवेदन पेश गर्ने व्यवस्थाले कोषको समग्र वित्तीय स्थिति, |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | प्रदर्शन र उपलब्धिको मूल्याङ्कन गर्न सहज बनाउँछ। यसबाट कोषको वित्तीय अनुशासन, पारदर्शिता र सुशासन प्रवर्द्धन हुने र सरोकारवालाहरूको विश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ। |
| ३८ | आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नु पर्ने | कोषको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयबाट हुने र आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको वित्तीय, प्रक्रियागत वा परिपालना जोखिम व्यवस्थापन र न्यूनीकरण सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। नियमित आन्तरिक लेखापरीक्षणको व्यवस्थाले वित्तीय अनुशासन, नियमित निगरानी र त्रुटि सुधारको संस्कृति विकास गर्न मद्दत गर्दछ। आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनले वित्तीय जोखिम न्यूनीकरण, धोखाधडी रोकथाम र वित्तीय सुरक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यसबाट कोषको वित्तीय व्यवस्थापन सुदृढ, पारदर्शी र जवाफदेही हुने अपेक्षा गरिएको छ। |
| ३९ | लेखापरीक्षण | कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको वित्तीय कारोबारको स्वतन्त्र, निष्पक्ष र वस्तुनिष्ठ परीक्षण सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। संवैधानिक निकायबाट हुने लेखापरीक्षणले कोषको वित्तीय अनुशासन, |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दछ। लेखापरीक्षणले कोषको वित्तीय कारोबारको कानूनी र वित्तीय मापदण्ड अनुरूप भए नभएको परीक्षण गरी सुधारका लागि सुझाव प्रदान गर्दछ। यसबाट कोषको वित्तीय व्यवस्थापन, पारदर्शिता र सुशासन अभिवृद्धि हुने र सार्वजनिक विश्वास बढ्ने अपेक्षा गरिएको छ। |
| ४० | कोषको खारेजी | कोषको खारेजी सम्बन्धी प्रक्रिया, अवस्था र शर्तहरू स्पष्ट रूपमा तोकिएका छन्। यस प्रावधानले कोषको खारेजी सम्बन्धी निर्णय व्यवस्थित, पारदर्शी र जिम्मेवारीपूर्ण तरिकाले गर्न सहयोग पुऱ्याउँछ। खारेजीको पूर्वस्वीकृति, कार्ययोजना र ऋण दायित्व फरफारक सम्बन्धी स्पष्ट प्रावधानहरूले कोषको जिम्मेवारी पूर्ण रूपमा निर्वाह गर्न र सरोकारवालाहरूको हित संरक्षण गर्न सहयोग गर्दछन्। खारेजी प्रक्रिया सुरु भएपछि वैकल्पिक विकास वित्त परिचालन रोक्ने व्यवस्थाले थप दायित्व सिर्जना हुनबाट रोक्दछ। यसबाट कोषको खारेजी प्रक्रिया व्यवस्थित, पारदर्शी र जिम्मेवारीपूर्ण हुने सुनिश्चितता हुन्छ। |
| ४१ | लिक्विडेटरको नियुक्ति | कोष खारेज गर्ने स्वीकृति प्राप्त भएपछि समितिले खारेजीको प्रस्ताव पारित गरी एक जना लिक्विडेटर नियुक्त गर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | खारेजी प्रक्रिया व्यवस्थित, कानूनसम्मत र पारदर्शी तरिकाले गर्न सहयोग पुऱ्याउँछ। लिक्विडेटरलाई कम्पनी कानून बमोजिमका अधिकारहरू प्रदान गरिएकाले खारेजी प्रक्रिया समयमै र प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग पुग्दछ। यसबाट कोषको सम्पत्ति र दायित्वको उचित व्यवस्थापन, ऋण दायित्व फरफारक र शेयरधनीहरूको हित संरक्षण सुनिश्चित हुने अपेक्षा गरिएको छ। |
| ४२ | कोषको दामासाही | कोषले आफ्नो ऋण वा दायित्व भुक्तानी गर्न नसक्ने अवस्था उत्पन्न भएमा दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न निवेदन दिन सक्ने व्यक्ति वा संस्थाहरू र प्रक्रिया तोकिएको छ। यस प्रावधानले कोषको वित्तीय संकट व्यवस्थापन, ऋणदाता र शेयरधनीहरूको हित संरक्षण र दामासाही प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग पुऱ्याउँछ। दामासाही प्रक्रिया सुरु गर्ने स्पष्ट आधार र प्रक्रियाले अनावश्यक विवाद र अस्पष्टता न्यूनीकरण गर्न मद्दत गर्दछ। दामासाही सम्बन्धी प्रचलित कानून लागू हुने व्यवस्थाले प्रक्रियाको वैधता र कानूनी मान्यता सुनिश्चित गर्दछ। |
| ४३ | कसुर र सजाय | यस ऐन बमोजिम कोषबाट प्रवाह हुने लगानी, ऋण वा जमानत प्राप्त गर्न झुट्टा विवरण, प्रमाण वा गलत व्यहोराको धितो |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- |
| | | राखेमा कसूर मानिने र त्यस्तो कसूर गर्नेलाई हानि नोक्सानी रकमको दोब्बर जरिबाना र दुई वर्षसम्म कैद सजाय हुने व्यवस्था गरिएको छ। यस प्रावधानले ठगी, धोखाधडी र गलत विवरण प्रस्तुत गर्ने प्रवृत्ति निरुत्साहित गर्न, कोषको स्रोत र लगानीको सुरक्षा सुनिश्चित गर्न र कानूनी अनुशासन कायम राख्न सहयोग पुऱ्याउँछ। कठोर सजायको व्यवस्थाले सम्भावित कसूरदारहरूलाई निरुत्साहित गर्न र कोषप्रतिको विश्वास अभिवृद्धि गर्न योगदान पुऱ्याउँछ। |
| ४४ | मुद्दाको कारवाही र किनारा | कसूरको अनुसन्धान, अभियोजन र मुद्दा दायरी सम्बन्धी प्रक्रिया स्पष्ट रूपमा तोकिएको छ। यसमा अनुसन्धान अधिकारी, साठी दिनभित्र अनुसन्धान पूरा गर्नुपर्ने, सरकारी वकिलले अभियोगपत्र तयार गरी जिल्ला अदालतमा मुद्दा दायर गर्ने जस्ता प्रावधानहरू समावेश छन्। यस व्यवस्थाले कसूरको अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया छिटो, प्रभावकारी र न्यायोचित तरिकाले सम्पन्न गर्न सहयोग पुऱ्याउँछ। समयसीमा निर्धारण गरिएकाले अनावश्यक ढिलाइ रोक्न र समयमै न्याय प्रदान गर्न मद्दत पुग्दछ। विशेषज्ञ सहयोग लिन सक्ने प्रावधानले अनुसन्धानको गुणस्तर र प्रभावकारिता बढाउन सहयोग गर्दछ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ४५ | नेपाल सरकार वादी हुने | यस ऐन बमोजिम सजाय हुने कसूरको मुद्दामा नेपाल सरकार वादी हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कसूरको गम्भीरता, सार्वजनिक सरोकार र राष्ट्रिय महत्त्व प्रतिबिम्बित गर्दछ। नेपाल सरकार वादी हुने व्यवस्थाले अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा सरकारी स्रोत, साधन र जनशक्तिको पूर्ण उपयोग सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यसबाट मुद्दाको प्रभावकारी अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया सुनिश्चित भई कसूरदारलाई कानूनी दायरामा ल्याउन र कोषप्रतिको विश्वास अभिवृद्धि गर्न योगदान पुग्नेछ। |
| ४६ | कोषको साधारण सभा | कोषको स्थापना भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष सम्पन्न भएको छ महिनाभित्र शेयरधनीहरूको वार्षिक साधारण सभा बस्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको संस्थागत सुशासन, पारदर्शिता र शेयरधनीप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। नियमित साधारण सभाको आयोजनाले शेयरधनीहरूलाई कोषको कार्यसम्पादन, वित्तीय अवस्था र भावी योजनाबारे जानकारी प्राप्त गर्ने र नीति निर्णयमा सहभागी हुने अवसर प्रदान गर्दछ। यसबाट कोषको शेयरधनीप्रतिको जवाफदेहिता, पारदर्शिता र सुशासन |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | अभिवृद्धि हुने र संस्थागत स्थायित्व कायम रहने अपेक्षा गरिएको छ। |
| ४७ | कोषको वार्षिक कार्यक्रम र बजेट | कोष संचालनका लागि समितिले वार्षिक कार्यक्रम र बजेट पारित गरी कार्यान्वयन गर्नुपर्ने र प्रत्येक वर्ष व्यावसायिक योजना स्वीकृत गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको कार्य संचालनलाई योजनाबद्ध, लक्ष्यमुखी र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। वार्षिक कार्यक्रम, बजेट र व्यावसायिक योजनाको व्यवस्थाले कोषको कार्यदिशा स्पष्ट पार्न, स्रोतको प्राथमिकीकरण गर्न र कार्यकुशलता अभिवृद्धि गर्न मद्दत गर्दछ। व्यावसायिक योजनाको कार्यान्वयनले कोषको व्यावसायिकता, प्रतिस्पर्धात्मकता र प्रभावकारिता बढाउन योगदान पुऱ्याउँछ। |
| ४८ | वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने | प्रमुख कार्यकारी अधिकृतले कोषको समग्र प्रगति, विभिन्न कोषको गतिविधि, वित्तीय विवरण आदि समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी साधारण सभाबाट स्वीकृत गराई मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको कार्यसम्पादन, प्रगति र उपलब्धिको नियमित प्रतिवेदन र समीक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। वार्षिक प्रतिवेदनको सार्वजनिकीकरणको व्यवस्थाले पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्दछ। विस्तृत वार्षिक प्रतिवेदनको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | व्यवस्थाले सरोकारवालाहरूलाई कोषको कार्यसम्पादन, उपलब्धि र चुनौतीहरूबारे सूचित राख्न सहयोग गर्दछ। |
| ४९ | कोषको आवधिक मुल्याङ्कन गराउनु पर्ने | कोषको वित्तीय स्थिति, स्थायित्व, सम्पत्ति, दायित्व र समग्र कार्यसम्पादनको प्रत्येक तीन वर्षमा एक पटक अन्तर्राष्ट्रियस्तरको स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउनुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको कार्यसम्पादन, प्रभावकारिता र वित्तीय स्थायित्वको स्वतन्त्र र निष्पक्ष मूल्याङ्कन सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। अन्तर्राष्ट्रियस्तरको मूल्याङ्कनकर्ताको व्यवस्थाले मूल्याङ्कनको गुणस्तर, विश्वसनीयता र अन्तर्राष्ट्रिय मापदण्डको पालना सुनिश्चित गर्दछ। नियमित मूल्याङ्कनको व्यवस्थाले सुधारका क्षेत्रहरूको पहिचान, सबल पक्षको प्रवर्द्धन र संस्थागत क्षमता अभिवृद्धि गर्न मद्दत पुग्नेछ। |
| ५० | संयुक्त उपक्रम (जोइन्ट भेन्चर) वा लगानीमा सहकार्य | कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय संस्था वा लगानीकर्तासँग संयुक्त उपक्रम स्थापना गर्न वा लगानीमा सहकार्य गर्न सक्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषलाई अन्य संस्थाहरूसँग साझेदारी र सहकार्य गरी स्रोत, अनुभव र प्रविधिको आदानप्रदान गर्न सक्षम बनाउँछ। संयुक्त उपक्रम वा लगानी सहकार्यले थप स्रोत परिचालन, जोखिम |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- |
| | | बाँडफाँड, प्राविधिक ज्ञान हस्तान्तरण र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न सहयोग पुऱ्याउँछ। यसबाट कोषको लगानी क्षमता विस्तार, वित्तीय स्रोत परिचालन र अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन हुने अपेक्षा गरिएको छ। |
| ५१ | समितिको संरचनामा हेरफेर | कोषको शेयर पुँजीको संरचनामा हेरफेर वा परिवर्तन भएमा सोही अनुपातमा समितिको गठनविधिमा हेरफेर वा परिवर्तन हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको स्वामित्व संरचना र सञ्चालक समितिको प्रतिनिधित्वबीच तादात्म्यता कायम राख्न सहयोग पुऱ्याउँछ। शेयर पुँजीको संरचना र समितिको संरचनाबीचको सामञ्जस्य कायम राख्ने व्यवस्थाले शेयरधनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्न, निर्णय प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्न र पारदर्शिता कायम राख्न मद्दत गर्दछ। यसबाट कोषको शासन प्रणाली न्यायोचित, समावेशी र सन्तुलित हुने अपेक्षा गरिएको छ। |
| ५२ | कोषलाई निर्देशन दिन सक्ने | नेपाल सरकार मन्त्रिपरिषद्ले आवश्यकता अनुसार कोषलाई निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषको कार्यसम्पादनमा सरकारी नीति, प्राथमिकता र मार्गदर्शन सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। सरकारी |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | निर्देशनको व्यवस्थाले कोषलाई राष्ट्रिय विकास लक्ष्य र प्राथमिकताअनुरूप संचालन गर्न, सार्वजनिक हितको संरक्षण गर्न र राष्ट्रिय नीतिसँग तादात्म्यता कायम राख्न मद्दत गर्दछ। यसबाट कोषको कार्यसम्पादन राष्ट्रिय प्राथमिकता अनुरूप हुने र सरकारी नीतिसँग सामञ्जस्य कायम रहने अपेक्षा गरिएको छ। |
| ५३ | नेपाल सरकारसँग सम्पर्क | कोषले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोष र सरकारबीचको सम्पर्क, समन्वय र सञ्चार व्यवस्थित, एकद्वार र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। एकल सम्पर्क बिन्दुको व्यवस्थाले प्रक्रियागत स्पष्टता, जवाफदेहिता र अभिलेखीकरण सुनिश्चित गर्न मद्दत गर्दछ। मन्त्रालय मार्फत सम्पर्क गर्ने व्यवस्थाले कोष र सरकारबीचको सञ्चार, समन्वय र सहकार्य प्रभावकारी बनाउन र दोहोरोपना तथा अस्पष्टता हटाउन सहयोग पुऱ्याउँछ। |
| ५४ | आवश्यक हेरफेर सहित प्रचलित कानूनको व्यवस्था लागु हुने | यस ऐनमा लेखिएका विषयको हकमा यसै ऐन बमोजिम र अन्य विषयको हकमा कम्पनी र बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागू हुने व्यवस्था गरिएको छ। यस प्रावधानले कानूनी रिक्तता रोक्न, |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | विशेष अवस्थामा प्रचलित कानूनको प्रयोग गर्न र कानूनी सुनिश्चितता प्रदान गर्न सहयोग पुर्‍याउँछ। प्रचलित कानूनहरूको सन्दर्भ समावेश गर्ने व्यवस्थाले कानूनी प्रावधानहरूको पूर्णता, व्यापकता र समन्वय सुनिश्चित गर्न मद्दत गर्दछ। यसबाट कानूनी स्पष्टता, निश्चितता र व्यापकता कायम रहने र कोष संचालनमा कानूनी आधार सुदृढ हुने अपेक्षा गरिएको छ। |
| ५५ | मुद्दा चलाउन बाधा नपर्ने | यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा नपुर्‍याउने व्यवस्था गरिएको छ। यस प्रावधानले कसूरजन्य कार्यलाई विभिन्न कानूनी प्रावधानहरू अन्तर्गत अभियोजन र कारबाही गर्न सकिने लचिलोपन प्रदान गर्दछ। अन्य कानून बमोजिम पनि मुद्दा चलाउन सकिने व्यवस्थाले कसूरको गम्भीरता, प्रकृति र परिणाम अनुसार उपयुक्त कानूनी प्रावधान प्रयोग गर्न सहयोग पुर्‍याउँछ। यसबाट कसूरदारलाई कानूनको दायरामा ल्याउन थप कानूनी उपकरणहरू उपलब्ध हुने र न्याय प्रशासन प्रभावकारी हुने अपेक्षा गरिएको छ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ५६ | नियम बनाउन अधिकार | यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ। यस प्रावधानले ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक विस्तृत प्रक्रियागत व्यवस्थाहरू निर्धारण गर्न सक्षम बनाउँछ। नियम बनाउने अधिकारको व्यवस्थाले ऐनको कार्यान्वयन प्रक्रिया, संयन्त्र र विधिहरू स्पष्ट पार्न मद्दत गर्दछ। यसबाट ऐनको कार्यान्वयन व्यवस्थित, प्रभावकारी र समयानुकूल बनाउन र परिवर्तित परिस्थितिअनुसार आवश्यक समायोजन गर्न सहज हुने अपेक्षा गरिएको छ। |
| ५७ | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही कोषले कार्य सञ्चालन निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था गरिएको छ। यस प्रावधानले कोषलाई आफ्नो कार्य संचालन, व्यवस्थापन र प्रक्रियालाई थप स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन स्वायत्तता प्रदान गर्दछ। निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारको व्यवस्थाले कोषलाई आफ्नो कार्यप्रणाली, मापदण्ड र प्रक्रियाहरू स्पष्ट पार्न सक्षम बनाउँछ। यसबाट कोषको कार्य संचालन व्यवस्थित, पारदर्शी, अनुमानयोग्य र प्रभावकारी हुने र अपेक्षा गरिएको छ। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- |
| ५८ | ऐन कार्यान्वयन मापन | यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको मितिले एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षमा एक पटक मन्त्रालयले ऐन कार्यान्वयनको मापन गरी प्रतिवेदन सङ्घीय संसद्को सम्बन्धित समितिमा पेश गर्ने व्यवस्था गरिएको छ। यस प्रावधानले ऐनको कार्यान्वयन, प्रभावकारिता र सान्दर्भिकताको नियमित मूल्याङ्कन र समीक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। नियमित मापन र प्रतिवेदनको व्यवस्थाले ऐनको प्रभाव, उपलब्धि, चुनौती र सुधारका क्षेत्रहरू पहिचान गर्न मद्दत गर्दछ। संसदीय समितिमा प्रतिवेदन पेश गर्ने व्यवस्थाले संसदीय निगरानी, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दछ। यसबाट ऐनको सुधार, परिमार्जन र समयानुकूल बनाउने आधार तयार हुने अपेक्षा गरिएको छ। |

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र. सं. | दफा/उप दफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ३ को (ज) | भविष्यमा विकास हुने वित्तीय उपकरण सबै हाल अनुमान गर्न नसकिने भएकोले पछि विकास हुने उपकरण तोक्न। | भविष्यमा विकास हुने वित्तीय उपरकरणमध्ये कोषले प्रयोग तथा जारी गर्नसक्ने उपयुक्त वित्तीय उपकरण नियमावलीमा तोकिने। | समयानुकुल विकास हुने वित्तीय उपकरण नियमावलीमा तोक्दा सहज हुने। |
| २ | दफा ९ को (१) (न) | समय परिवर्तन र अनुभवसंगै कोषको हाल किटान गरिएका काम र कर्तव्यका अतिरिक्त थप काम र कर्तव्य तोक्न। | कोषले गर्नुपर्ने हाल किटान गरिएका काम र कर्तव्यका अतिरिक्त समयानुकुल काम र कर्तव्य नियमावलीमा तोकिने। | कोषले पुरा गर्नुपर्ने विधेयकको प्रस्तावमा उल्लिखित काम र कर्तव्यका अतिरिक्त समयानुकुल र अवस्था अनुसार थप काम र कर्तव्य नियमावलीमा तोक्दा सहज हुने। |
| ३ | दफा २२ को उपदफा (२) को (ङ) | कोषले आयोजनामा गर्ने सक्ने लगानीको प्रकृति भविष्यमा थप तथा फरक हुनसक्ने भएकोले भविष्यमा हुनसक्ने | भविष्यमा हुनसक्ने सम्भावित लगानीको प्रकृति नियमावलीमा तोकिने। | भविष्यमा हुनसक्ने सम्भावित लगानीको प्रकृति नियमावलीमा तोक्दा सहज हुने। |

| क्र. सं. | दफा/उप दफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | सम्भावित लगानीको प्रकृति तोक्न। | | |
| ४ | दफा २४ को उपदफा (२) को (घ) | आयोजना लगानी सुरु गर्नुअघि पुरा गर्नुपर्ने प्रतिबद्धता तथा सर्त भविष्यमा हाल उल्लेख गरिएका भन्दा थप वा फरक हुनसक्ने भएकोले अवस्था अनुसार प्रतिबद्धता र सर्त तोक्न। | आयोजना लगानी सुरु गर्नुअघि कोषले पुरा गर्नुपर्ने प्रतिबद्धता तथा सर्त नियमावलीमा तोकिने। | आयोजना लगानी सुरु गर्नुअघि कोषले पुरा गर्नुपर्ने प्रतिबद्धता तथा सर्त नियमावलीमा तोक्दा सहज हुने। |
| ५ | दफा २५ को उपदफा (७) | कोषले जमानत दिने, अभिलेख राख्ने तथा फरफारक गर्ने सम्बन्धी व्यवस्था र प्रकृया तोक्न। | कोषले जमानत दिने, अभिलेख राख्ने तथा फरफारक गर्ने सम्बन्धी व्यवस्था र प्रकृया नियमावलीमा तोकिने। | कोषले जमानत दिने, अभिलेख राख्ने तथा फरफारक गर्ने सम्बन्धी व्यवस्था र प्रकृया नियमावलीमा तोक्दा सहज हुने। |
| ६ | दफा को २६ उपदफा (३) | कोषले गरेको ऋण लगानीको रकम ऋणीले फिर्ता नगरेमा सम्बन्धित आयोजना नियन्त्रणमा लिने सम्बन्धी कार्यविधि तयार गर्न र नियन्त्रणमा लिएको आयोजना कार्यान्वयनका लागि | कोषले गरेको ऋण लगानीको रकम ऋणीले फिर्ता नगरेमा सम्बन्धित आयोजना नियन्त्रणमा लिने सम्बन्धी कार्यविधि र नियन्त्रणमा | ऋण फिर्ता सम्बन्धी व्यवस्था नियमावलीमा तोक्दा पारदर्शी र सहज हुने। |

| क्र. सं. | दफा/उप दफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | अर्को कुनै संगठित संघ संस्थालाई दिने सम्बन्धी व्यवस्था गर्न। | लिएको आयोजना कार्यान्वयनका लागि अर्को कुनै संगठित संघ संस्थालाई दिने सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | |
| ७ | दफा २८ उपदफा (४) | कोषले जारी गर्ने ऋणपत्र सम्बन्धी ऐनमा उल्लिखित व्यवस्थाका अतिरिक्त भविष्यमा थप हुन सक्ने भएकोले सो व्यवस्था तोक्न। | कोषले जारी गर्ने ऋणपत्र सम्बन्धी थप व्यवस्था नियमावलीमा तोकिने। | कोषले जारी गर्ने ऋणपत्र सम्बन्धी थप व्यवस्था नियमावलीमा तोक्दा सहज हुने। |
| ८ | दफा ३२ को उपदफा (४) | वैकल्पिक विकास वित्तका नयाँ उपकरण विकास भएमा सो सम्बन्धी कोष स्थापनामा समेत फरक हुनसक्ने भएकोले भविष्यमा आवश्यकता अनुसार अन्य कोष तोक्न। | अन्य कोष नियमावलीमा तोकिने। | वैकल्पिक विकास वित्तका नयाँ उपकरण अनुरुप अन्य कोष नियमावलीमा तोक्दा सहज हुने। |
| ९ | दफा ३३ को उपदफा (२) | कोषले आर्जन गरेको खुद मुनाफाबाट कट्टा गर्नुपर्ने रकम समय र अवस्था अनुसार फरक हुने भएकोले सो विषय | कोषले आर्जन गरेको खुद मुनाफाबाट कट्टा गर्नुपर्ने रकम नियमावलीमा | कोषले आर्जन गरेको खुद मुनाफाबाट कट्टा गर्नुपर्ने रकमको विवरण |

| क्र. सं. | दफा/उप दफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | निर्धारण गर्न। | तोकिने। | नियमावलीमा तोक्दा पारदर्शी र सहज हुने। |
| १० | दफा ३३ को उपदफा (३) | साधारण जगेडा कोष र स्वतन्त्र जगेडा कोषमा रहेको रकम आवश्यकतानुसारका कार्यमा प्रयोग गर्न गराउने सम्बन्धी व्यवस्था गर्न। | साधारण जगेडा कोष र स्वतन्त्र जगेडा कोषमा रहेको रकम प्रयोग सम्बन्धी व्यवस्था नियमावलीमा गरिने । | साधारण जगेडा कोष र स्वतन्त्र जगेडा कोषमा रहेको रकम प्रयोग सम्बन्धी व्यवस्था नियमावलीमा गर्दा प्रभावकारी र सहज हुने। |
| ११ | दफा ३२ को उपदफा (४) | प्रत्येक वित्तीय उपकरण परिचालनबाट प्राप्त हुने रकम छुट्टाछुट्टै लेखा राखी छुट्टाछुट्टै कोषमा जम्मा गर्नुपर्ने भएकोले कोषलाई आवश्यकतानुसार अन्य उपयुक्त कोष स्थापना गर्न। | अन्य कोष नियमावलीमा तोकिने। | अन्य कोष सम्बन्धी व्यवस्था नियमावलीमा तोक्दा सहज हुने। |
| १२ | दफा ३५ को उपदफा (३) | वित्तीय पारदर्शिता सम्बन्धी व्यवस्था तथा मापदण्ड समयानुकुल परिवर्तन भैरहने भएकोले आवश्यकता अनुसार तोक्न। | वित्तीय पारदर्शिता सम्बन्धी थप व्यवस्था तथा मापदण्ड नियमावलीमा तोकिने। | वित्तीय पारदर्शिता सम्बन्धी थप व्यवस्था तथा मापदण्ड नियमावलीमा तोक्दा प्रभावकारी र सहज हुने। |

| क्र. सं. | दफा/उप दफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १३ | दफा ४९ को उपदफा (२) | कोषको आवधिक मूल्याङ्कनका क्रममा पेश गर्नुपर्ने विवरण उपकरणको प्रकृति र अवस्था अनुसार फरक फरक हुने भएकोले आवश्यकता अनुसार तोक्न। | कोषको मूल्याङ्कर्ताले पेश गर्नुपर्ने विवरण नियमावलीमा तोकिने। | कोषको मूल्याङ्कर्ताले पेश गर्नुपर्ने विवरण नियमावलीमा तोक्दा प्रभावकारी र सहज हुने। |